का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ असोज २०८१,
आइतबार
22 September, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक २२२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# पूर्वसहकर्मी सम्झिँदै प्रचण्ड



सत्ताबाट हटेपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पूर्वमाओवादी घटकहरू सम्झिरहेका छन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ५ असोज ।

पछिल्लो समय नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको दैनिकी फेरिएको छ।

सत्ताबाट हटेयताको दुई महिनामा उनी पार्टीका कार्यक्रममा व्यस्त रहे । अन्य बिभिन्न कार्यक्रहरूमा पनि पुगिरहेका हुन्छन् ।

प्रमुख प्रतिपक्षी दलको नेतामा रहेका प्रचण्डको अभिव्यक्तिमा भने समानता भेटिन्छ। आफू नेतृत्वको सरकार ढाल्न दुई ठूला दल मिलेको एउटै विषय दोहोऱ्याइरहन्छन् । आफूले राम्रो काम गर्न खोज्दा खोज्दै हटाएको दुःखेसो गर्छन् । साथमा मिसाउँछन् पूर्वमाओवादी घटकहरूको एकता ।

शनिवार पनि यस्तै अभिव्यक्ति दोहोऱ्याए । शहीद शहीद प्रतिष्ठान नेपालको पन्ध्रौं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै प्रचण्डले जनयुद्धमा सहभागी सबै माओवादी घटकहरू एक ठाउँमा आउनुको विकल्प नभएको बताए ।

उनले जनयुद्धबाट प्राप्त उपलब्धि र भोग्नुपरेका चुनौती सबै माओवादीका साझा उपलब्धि र चुनौती भएकाले माओवादी घटकहरू ढिलो नगरी एकताबद्ध हुनुपर्ने उनको भनाइ थियो ।

'हामीसँग हजारौं महान राष्ट्रिय शहीदहरु छन्, यो हाम्रो ठूलो शक्ति हो,' उनले भने, 'माओवादी जतिलाई एकीकृत र केन्द्रिकृत गर्नेबित्तिकै त्यो तागत निकै ठूलो हुनेवाला छ । अझै पनि हामी सही ठाउँमा छौं, हामी वैधानिक र शान्तिपूणरुपमा लडेर पनि जित्न सक्छौं, जतिसक्दो चाँडो हामी एकताबद्ध भएर अघि बढौं, विजय सम्भव छ । '

तर, माओवादी केन्द्रसँग एकता गर्ने अन्तिम तयारीमा रहेका नेपाल समाजवादी पार्टी फुटाएर बसेको महिन्द्र राय यादव नेतृत्वको समूह, नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग भने एकतालाई धकलिरहेको छ ।

संसदीय चुनाव लडिसकेपछि संख्याका हिसाबले कहिले कम र कहिले बढी हुनु स्वभाविक भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्ड सबै पूर्व माओवादी घटक मिल्नुपर्ने दलिल गरिरहेका छन् । संसदको शक्तिभन्दा नेपाली राजनीतिको क्रान्तिकारी र >>> पृष्ठ २ मा

# अध्यक्षमा धवल नजर

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को अध्यक्षमा दोहोरिन चाहन्छन् राजेन्द्र लिङ्देन । तर उनलाई रोकेर आफू नेतृत्वमा पुग्ने कसरतमा लागेका छन् महामन्त्री धवलशमशेर जबरा । जबराको मुभले राप्रपामा दुई पक्षीय आन्तरिक गतिविधि हुन थालेको नेताहरु बताउँछन् ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ५ असोज ।



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) आगामी महाधिवेशन केन्द्रित हुन थालेको छ। केन्द्रीय कार्यसम्पादन समितिले वडादेखि सबै तहको अधिवेशन आगामी वैशाखभित्र सम्पन्न गर्ने निर्णय गरेसँगै राप्रपाभित्र केन्द्रीय महाधिवेशनकै चुनावी माहोल शुरु हुन पुगेको नेताहरू बताउँछन् ।

राप्रपाको गत भदौ २३ गते बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले वडादेखि सबै तहको अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको थियो । राप्रपाको केन्द्रीय महाधिवेशन २०७८ मंसिरमा भएको थियो । निर्धारित समयमै महाधिवेशन गर्दा राप्रपाको महाधिवेशन २०८२ मंसिरभित्र सम्पन्न गर्नुपर्छ ।

पार्टीका महामन्त्री धवलशमशेर जबरा पक्षधर नेताहरू समयमै महाधिवेशन गर्नुपर्ने पक्षमा छन् । अध्यक्ष राजेन्द्र लिङ्देन पक्षधर नेताहरूपनि समयमै महाधिवेशन हुने बताउँछन् । तर, यी दुवै पक्षधर नेताहरू नेतृत्वमा लिङदेनलाई दोहोऱ्याउने र धवलशमशेरलाई नेतृत्वमा स्थाति गराउने रस्साकस्सीमा छन् ।

नेताहरूका अनुसार राजेन्द्र लिङ्देन अध्यक्षमा दोहोरिन चाहन्छन् । तर, उनलाई रोकेर आफू नेतृत्वमा पुग्ने कसरतमा लागेका छन् महामन्त्री धवलशमशेर जबरा । जबराको यस्तो मुभले राप्रपामा दुई पक्षीय आन्तरिक गतिविधि हुन थालेको नेताहरू बताउँछन् ।

भावी नेतृत्वका दाबेदारले वडादेखिका अधिवेशनमा आफ्नो गतिविधिलाई सक्रिय बनाउनेछन् । धवलशमशेरले अघिल्लो पटक नै अध्यक्षमा दाबेदारी प्रस्तुत गरेका थिए । तत्कालीन >>> पृष्ठ २ मा

# दशैं नजिकिएपछि धमाधम सडक मर्मत !



**शिव विक/मध्यान्ह**
काठमाडौं, ५ असोज ।

चाडपर्व नजिकिएसँगै देशका बिभिन्न क्षेत्रमा सडक मर्मतका कार्यले तीव्रता पाएको छ। आफन्त भेटघाटका लागि आफ्नो थकथलो पुग्ने र त्यसक्रममा हुने सवारी आवागमनलगायतलाई समेत ख्याल गरेर मर्मत सम्भारका कार्य गरिएका हुन् ।

सरकार पनि यस्तो बेला सडकमा देखिने दुरावस्थाले जनतामा निराशा बढ्न सक्ने भनेर सतर्क भएको छ ।

चाडपर्व लक्षित गरी सडक मर्मत र अग्रिम टिकट बुकिङबारे सरोकारवालबीच छलफल समेत भएको छ ।

सरकार र यातायात व्यवसायीबीच भएको छलफलमा घटस्थापना अगाडि नै बिग्रिएका सडक मर्मत गरिसक्न सडक विभागलाई निर्देशन दिने निर्णय भएको छ । घटस्थापना १७ गते परेको छ ।

छलफलमा यातायात व्यवस्था विभागसँग छलफल गरी अग्रिम टिकट बुकिङ तत्काल खुलाउने

चाडपर्वमा आफन्त भेटघाटका लागि नागरिकहरु आफ्नो थकथलो पुग्ने र त्यसक्रममा हुने सवारी आवागमनलगायतलाई समेत ख्याल गरेर मर्मत सम्भारका कार्य गरिएका छन् ।

सहमति पनि भएको छ। तर, भाडा समायोजन भने छठपछि मात्रै गर्ने सहमति भएको छ। >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगार संघको भवन खरिदका लागि मध्यान्ह दैनिकबाट १ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ असोज

मध्यान्ह राष्ट्रिय दैनिकले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भवन खरिदका लागि आर्थिक सहयोग प्रदान गरेको छ । शुक्रबार संघको कार्यालय तिलगंगामा आयोजित एक संक्षिप्त कार्यक्रममा मध्यान्ह दैनिककी प्रकाशक सीता श्रेष्ठ तथा सम्पादक मदनकुमार श्रेष्ठले संघका अध्यक्ष राजेन्द्र भण्डारीलाई १ लाख ११ हजार १ सय ११ रूपैयाँको चेक हस्तान्तरण गरे ।

त्यस अवसरमा सम्पादक श्रेष्ठले वैदेशिक रोजगार क्षेत्रले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको समयमा संघको आफ्नो स्वामित्वको प्रशासनिक भवन हुनु अतिजरुरी देखिएको अवस्थामा वर्तमान कार्यसमितिले भवन खरिद गर्न लिएको निर्णय अत्यन्तै



सान्दर्भिक रहेको महसुस गरी सहयोग प्रदान गरिएको बताए ।

तत्कालीन अवस्थामा नेपालका मूलधारका दैनिक पत्रपत्रिकाले स्थान र महत्व नदिएको अवस्थामा आफ्नो सम्पादकत्वको राष्ट्रिय दैनिकले वैदेशिक रोजगार क्षेत्रमा रहेका समाचारहरूलाई महत्व दिइ पत्रिकाको अग्रपृष्ठमा विगत २२ वर्षदेखि >>> पृष्ठ २ मा

## कतारमा रहेको एक बचत कोषबाट २७ लाख ऋण लिएर चापागाईं फरार

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ५ असोज

नवलपरासी सेवा समाज कतारको बचत कोषबाट ऋण लिएर भीम प्रसाद चापागाईं उर्फ विनय शर्मा सम्पर्कविहीन भएका छन्। नवलपरासीको बर्दघाट नगरपालिका वडा नं. ४ स्थायी घर भएका चापागाईंले समाजबाट विभिन्न शीर्षकमा करिब ७५ हजार रियाल अर्थात करिब २७ लाख नेपाली रुपैयाँ ऋण लिएर सम्पर्कविहीन भएको समाजद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

समाजमा ५ अक्टोबरमा तदर्थ समिति सचिव पदमा रही कार्यसम्पादन गरेका उनी >>> पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
SALARY - NEGOTIABLE
ACCOUNTANT - 2 (Female)
DOCUMENTATION OFFICER - 2 (Male/Female)
SERETARY - 1 (Female)
Preferable with job experience in related field of manpower.
9802373915/9843571436 info@himgiriagency.com
HIMGIRI RECRUITMENT AGENCY PVT LTD
Battisputali-9, Kumari Mandir, Kathmandu, Nepal
Tel. 01- 5921647/ 01- 5921648
Govt. Lic. No.: 1703/81/82

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
६ असोज २०८१, आइतबार
22 September 2024, Sunday

# समानुपातिक समावेशिता हटाउने विषयमा सहमति हुँदैन : मन्त्री गुरुङ

**सरोज विश्वकर्मा/मध्यान्ह**
लमजुङ, ५ असोज

नेकपा एमालेका उपमहासचिव एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले संविधानमा समानुपातिक समावेशिता हटाउने कुरामा सहमति नहुने स्पष्ट पारेका छन् ।

नेकपा एमाले जिल्ला कमिटी लमजुङले सञ्चालन गरेको तीन दिने पार्टी प्रशिक्षण कार्यक्रमको शनिबार समापन गर्दै मन्त्री गुरुङले यस्तो बताएका हुन् ।

गुरुङले संघीयता, धर्मनिरपेक्षता, समावेशिता जस्ता विषयहरु नेकपा एमालेले नै उठाएकोले संविधानमा समावेश गरिएको बताए । उनले यी



विषय संशोधन नहुने तर प्रणालीको विषयमा भने छलफल हुने पनि बताए । हाल ६० प्रतिशत प्रत्यक्ष निर्वाचित र ४० प्रतिशत समानुपातिक व्यवस्थाबाट आउने जुन प्रणाली छ, यसमा ४० प्रतिशतलाई समावेशिताको आधारमा प्रत्यक्ष निर्वाचनबाट ल्याउने र दलित, जनजाति, मुस्लिम, अल्पसंख्यक आदिलाई निर्वाचन क्षेत्र छुट्याइ निर्वाचन गर्ने प्रणाली ल्याउन सकिने बताए ।

मन्त्री गुरुङले वर्तमान सत्ता समीकरणले मुलुकमा अस्तव्यस्त भएको अर्थतन्त्रलाई सुधार गर्ने तथा सुशासन कायम गर्ने र राष्ट्रिय गौरवको आयोजनाहरु सञ्चालन गरी विकास र समृद्धि ल्याउने उद्देश्यले कांग्रेससँग सत्ता समीकरण भएको बताए । उनले भने, 'वर्तमान सरकारले मुलुकको अर्थतन्त्रको विकास तथा राष्ट्र निर्माणमा केन्द्रित भएर काम गर्नेछ ।'

यस्तै गुरुङले जिल्ला समन्वय समिति (जिसस) खारेज गर्न आवश्यक भएको तथा पालिकाहरू घटाउनुपर्ने बताए ।

# साउदी अरबमा नेपाली कामदार ठगीको शिकार, सबैलाई सचेत रहन आग्रह

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरेबिया, ५ असोज

साउदीको पूर्वी क्षेत्र दम्मामममा कार्यरत एक जना नेपाली नागरिक ठगीको शिकार भएका छन् ।

इमोमा चिनजान भएको एक बङ्गाली व्यक्तिले उनलाई थाइ लटरीमा ४० हजार रियाल परेको भन्दै सो रकम निकाल्नका लागि ८ सय रियाल पठाउनुपर्ने झुटो जानकारी दिएका थिए । पीडितले उक्त रकम पठाएपछि फेरि ४ सय रियाल थप मागियो, जसलाई उनले साथीहरूबाट सापटी लिएर पठाए । तर, पैसा पठाएपछि ती बङ्गाली व्यक्तिले इमोमा ब्लक गरेपछि मात्र उनलाई ठगिएको थाहा भयो । पीडितले यस घटनाबारे पहिल्यै



सतर्कता चेतावनी पाए पनि दुर्भाग्यवश ध्यान नदिँदा आफ्नो दशैं खर्चको लागि जम्मा गरेको रकम गुमाउनुपर्‍यो । यो घटनाले पुनः प्रमाणित गर्छ कि साउदीमा नेपाली नागरिकहरू विभिन्न किसिमका ठगीमा फसिरहेका छन् ।

साउदीमा कार्यरत नेपालीहरूलाई यस्ता प्रलोभनमा नफस्न र ठगीबाट सचेत रहन अनुरोध गरिन्छ । अरू नेपाली दाजुभाइ दिदीबहिनीहरूले यस घटनाबाट पाठ सिकेर यस्ता ठगीका जालहरूबाट आफूलाई जोगाउनुपर्ने देखिन्छ । साउदीमा नेपाली कामदारहरू विभिन्न माध्यमबाट ठगिँदै आएका छन्, त्यसैले सचेत रहनुअति आवश्यक छ ।

# अर्घाखाँची अस्पताललाई बेड हस्तान्तरण

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, ५ असोज

नेपाल टेलिकम केन्द्रीय कार्यालयले अर्घाखाँची अस्पताललाई १० थान 'बेड कम चेयर्स' हस्तान्तरण गरेको छ । टेलिकम केन्द्रीय कार्यालयले संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ को उपलक्ष्यमा कम्पनीको संस्थागत सामाजिक उत्तर दायित्व कार्यक्रम अन्तर्गत यी सामग्री प्रदान गरिएको हो । नेपाल टेलिकम दूर सञ्चार कार्यालय पाल्पा प्रमुख इन्जिनियर राकेश पाण्डेले अस्पताल प्रमुख जगन्नाथ तिवारीलाई यी सामग्रीहरू हस्तान्तरण गरिएको हो ।

अस्पतालमा उपचारको लागि आउने बिरामीका कुरूवाका लागि लक्षित गरेर यी सामग्री हस्तान्तरण गरिएको हो । यो साधन दिनमा फोल्ड गरेर कुर्सी आकारको बस्न सकिने र रातमा तानेर बेड बनाएर सुत्न सकिन्छ । यसरी टेलिकमले प्रत्येक वर्ष शिक्षा, स्वास्थ्य, खेलकुद, वृद्धाआश्रम, बाल आश्रम लगायतका सामाजिक संघसंस्थाहरूमा राहत सामग्री हस्तान्तरण गर्दै आएको छ, भने वातावरण संरक्षण र हरियाली प्रवर्द्धनका क्षेत्रमा समेत सहयोग पुर्‍याउँदै आएको नेपाल टेलिकम केन्द्रीय कार्यालय सहायक व्यापार अधिकृत बेद प्रसाद पौडेलले जानकारी दिए ।

उनले टेलिकमले गत वर्ष सन्धिखर्क नगरपालिका २ भगवती मा.वि. कुर संखेटारी र भगवती मा.वि.ढाकावाङ्गमा १ वर्ष निःशुल्क इन्टरनेट सेवा प्रदान गरेको र सुपादेउराली मन्दिरमा केही थान डस्टविन प्रदान गरिएको हो ।

# अनेरास्ववियु सिरहामा नयाँ नेतृत्व



**सिरहा/मस-** अनेरास्ववियु सिरहामा नयाँ नेतृत्व चयन गरिएको छ । शनिबार १९ औं जिल्ला अधिवेशनले लक्ष्मीनारायण यादवको नेतृत्वमा ३३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

उपाध्यक्षमा मनिष यादव, आदितय महरा, सचिवमा मोहम्मद मुस्तफा अजहरी, सहसचिवमा हरि सिंह, दिपेश पासवान र कोषाध्यक्षमा चन्द्रकला बछार चयन भएकी छन् ।

# मौलापुरको निःशुल्क एम्बुलेन्सः सहजै सेवा पाउन नसकेको गुनासो

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ असोज

रौतहट मौलापुर नगरपालिकाले जनतालाई सेवा दिने भन्दै निःशुल्क रूपमा एम्बुलेन्स सञ्चालन गरेको छ ।

तर उक्त एम्बुलेन्स सेवाग्राहीलाई चाहिने समयमा नत एम्बुलेन्स जान्छ, नत एम्बुलेन्समा तेलनै हुन्छ । शुक्रबार दिउँसो मौलापुर नगरपालिका वडा नम्बर १ मर्जातपुर निवासी कात्तिक केश राय यादव मौलापुरको शहीद चोकमा रहेको स्वास्थ्य चौकीमा एम्बुलेन्सको लागि गए । उनलाई कार्यालय प्रमुख सुवास ठाकुरले एम्बुलेन्स बाहिर गएको बताए । तर एम्बुलेन्स अस्पतालमै रहेको थियो । पछि एम्बुलेन्स अस्पतालमै रहेको सेवाग्राही यादवले बताए पश्चात कार्यालय प्रमुख ठाकुरले एम्बुलेन्सको साँचो समेत आफुलाई



थाहा नभएको र एम्बुलेन्स लैजान चाहेमा नगरपालिकामा सम्पर्क गर्न भने ।

त्यसपश्चात अस्पतालमा दुई पक्षबीच विवाद हुन थालेको यादवले बताए । त्यति हुँदाहुँदै पनि यादवको श्रीमतीको अवस्थालाई गम्भीर रूपमा नलिइ कार्यालय प्रमुख ठाकुर अस्पताल घरतिर लागेका थिए ।

सोही अस्पतालको एक स्टाफ नर्सले एम्बुलेन्सको चालक पासवान बिहानैदेखि भारतको बिहार घोडासाहन गएको बताइन् ।

एम्बुलेन्सको चालक पासवान बाहेक अरु कोइ नभएपछि अस्पतालमा यस्तो हर्कत भएको देखिन्छ । तर समस्या आजको मात्र भएको होइन् । यस्तो समस्या धेरै पटक भएको यादवको भनाइ छ ।

यादवले आफ्नो गर्भवती श्रीमतीको लागि अस्पतालमा एम्बुलेन्सका लागि गएको तथा अस्पतालको कर्मचारी र कार्यालय प्रमुख ठाकुरले गरेको कुराकानी सुनेर आफ्नो पैसा खर्च तिरी अर्को एम्बुलेन्स लगेको बताए ।

यस विषयमा कार्यालय प्रमुख ठाकुरले यसमा आफुहरुको गल्ती नभएको बताए ।

नगरपालिकाले राम्रोसँग सुविधा नदिएका कारण एम्बुलेन्सको सेवा प्रभावकारी रूपमा हुन नसकेको उनले बताए । साथै यादवको दुःखसँग ठाकुरको कुनै सम्बन्ध नरहेको र सामान्य समस्या मात्र रहेको उनले बताए ।

## पूर्वसहकर्मी...

ऐतिहासिक विरासत, बलिदानको गाथा र राजनीतिक विचार तथा एजेण्डाका हिसाबले अहिले पनि माओवादी नै बलियो शक्ति भएको दाबी गर्दै उनी फेरि पनि सत्ता देखाइरहेका छन्।

लामो प्रयासपछि शान्ति प्रक्रियासम्बन्धी प्रक्रिया अन्तिम चरणमा पुर्‍याइएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले आफूले सरकारको नेतृत्व गरेको बेला अन्तिम समयमा सर्वदलीय बैठकमार्फत टिआरसी टुंग्याउन कार्यदल बनाएको र कार्यदलले जुटाएको सहमतिका आधारमा टिआरसी कानुन बनिसकाले अब आफूहरुको ध्यान आयोगहरु बनाउनेतर्फ केन्द्रित रहेको बताए ।

आयोग बनाउने र आयोगमा सही नेतृत्व ल्याएर शान्ति प्रक्रियाका बाँकी काम टुंग्याएपछि शहीद तथा बेपत्ताहरुको राष्ट्रिय सम्मान र परिवारलाई परिपूरणको बाटो खुल्ने बताए ।

अध्यक्ष प्रचण्डले अब माओवादी घटकहरु मिलेर जानुपर्ने भन्दै एकताका लागि आह्वान गरे । आफू फेरि सत्तामा फर्किने आश देखाएर पनि उनी पूर्व घटकहरूसँग नजिकित खोजिइरहेका छन् ।

शनिवार यही आशय आउने गरी उनले आफूलाई सत्ताबाट हटाइँदा विश्वको ध्यान तानिएको बताए । बेलायतले प्रधानमन्त्रीभन्दा माथि भन्दै आफूलाई पत्र पठाएको बताए ।

माओवादी केन्द्रको चितवन-काठमाडौं समन्वय समितिको कार्यक्रमलाई सम्बोधन गर्दै उनले विश्व समुदायले आफूलाई यति चाँडै प्रधानमन्त्रीबाट हटाइन्छ भन्ने नै नठानेको बताए ।

'म यति छिटो प्रधानमन्त्रीबाट हटाइन्छ भन्ने विश्वले ठानेको थिएन । हुन त भन्दा बढी भनेको सुनिन्छ होला, मलाई यसरी प्रधानमन्त्रीबाट हटाउँदा विश्वको ध्यानाकर्षण भएको छ' उनले भने ।

प्रचण्डले आफू प्रधानमन्त्रीबाट बाहिरिएपछि बेलायतका राजदूतले प्रधानमन्त्रीलाई दिनुपर्ने पत्र आफूलाई दिएको बताए ।

उनले प्रधानमन्त्री नभए पनि प्रधानमन्त्रीको हैसियतभन्दा माथिको मान्छे भन्दै आफूलाई पत्र दिएको सुनाए ।

## अध्यक्षमा...

समयमा कमल थापालाई नेतृत्वमा रोक्न शवलशमशेरले लिङ्देनलाई अध्यक्षमा समर्थन गरेका थिए । आफू महामन्त्रीमा बसेका थिए । यसपटक आफैं अध्यक्षमा उठ्नेगरी अगाडि बढेका हुन् ।

धवलशमशरले आफ्नो नेतृत्वका लागि समेत नेताहरूसँग संवाद थालेका छन् ।

पूर्वअध्यक्ष लोकेन्द्र बहादुर चन्दले राप्रपा अध्यक्ष लिङ्देनको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै आएका छन् । उनले दुई पटक नेताहरूलाई बोलाएर आफ्नो निवास लोकन्थलीमा छलफलसमेत गरिसकेका छन् ।

चन्दको चासोमा नेताहरू प्रकाशचन्द्र लोहनी, हरि बहादुर बस्नेत, नवराज सुवेदी, पशुपति शमशेर राणालगायत समेत सहमत रहेको बताइन्छ । चन्दले आफ्ना निकट नेताहरूसँग लिङ्देनले पार्टी चलाउन नसकेको भनेर नयाँ नेतृत्वका लागि तयार रहनुपर्ने बताउँदै आएका छन् ।

उपाध्यक्ष विक्रम पाण्डे, महामन्त्री धवलशमशेरसहितका नेताहरूले पनि पार्टीभित्र आफ्नो पक्षमा लबिङ बढाउन अध्यक्ष इतर पक्षलाई एकीकृत गरिरहेका छन् ।

नेताहरूका अनुसार आगामी महाधिवेशनमा पनि अध्यक्षमा लिङ्देनले फेरि उम्मेदवारी दिने पक्कापक्की छ । इतर समूहबाट अध्यक्षमा उम्मेदवारी दिने भनेर महामन्त्री शवलशमशेरले आफूलाई अगाडि ल्याएका हुन् ।

महाधिवेशनलाई नै लक्षित गरेर महामन्त्री राणाले फरक राजनीतिक प्रस्ताव समेत ल्याउनेबारे छलफल चलाइरहेका छन् । विगतको अभ्यासले पार्टीमा सर्वसम्मत नेतृत्व चयन हुने अवस्था नरहेको नेताहरू बताउँछन् । विधान बमोजिम वडादेखि केन्द्रसम्म प्रक्रिया हुने भयो । तल्लो निकायमा सहमति हुन सक्ने तर, केन्द्रमा पदाधिकारीदखि केन्द्रीय सदस्यसम्म चुनाव नै हुने वातावरण रहेको छ ।

## दशैं...

यसका साथै यात्रा सुरक्षित र सहज बनाउन यान्त्रिक परीक्षण गरी सम्बन्धित बसपार्कबाट गन्तव्यस्थल तर्फ जाने गरी व्यवस्था गर्ने, यातायात सुधार सुझाव कार्यदलको प्रतिवेदन कार्यान्वयनको विषयमा तत्काल गर्न सकिने विषयहरूको सम्बोधन गर्न विभागलाई निर्देशन दिने निर्णय भएको छ । यातायात व्यवस्थासँग सम्बन्धित अदालतबाट भएका आदेश/फैसला कार्यान्वयनका लागि एक महिनाभित्र कार्ययोजना तयारी गरी पेस गर्ने निर्णय पनि भएको छ ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, सचिव केशवकुमार शर्मा, सहसचिव कृष्णराज पन्थ, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँर, वरिष्ठ उपाध्यक्ष सिटौला, महासचिव डेकनाथ गौतमलगायत सडक विभाग र यातायात व्यवस्था विभागका कर्मचारीको सहभागिता रहेको थियो ।

सरोकारवालाहरूसँगको छलफलपपछि सरकारले चाडपर्व नजिकिएसँगै देशका बिभिन्न क्षेत्रमा सडक मर्मतका कार्यले तिव्रता दिने नीति लिएको छ । आफन्त भेटघाटका लागि आफ्नो थकथलो पुग्ने र त्यसक्रममा हुने सवारी आवागमन लगायतलाई समेत ख्याल गरेर मर्मत सम्भारका कार्य गरिएका हुन् । स्थानीय तहले पनि स्थानीय सडक मर्मतमा चासो देखाएका छन् । स्थानीय तहको सक्रियताले समेत सडक मर्मत र सम्भार भइराखेका छन् ।

## वैदेशिक...

हरेक दिन कम्तीमा एउटा वैदेशिक रोजगार विशेष समाचार प्रकाशन गर्दै आइरहेको स्मरण गर्दै सम्पादक श्रेष्ठले संघको भवनलाई आफ्नै भवन ठानेको बताए । सम्पादक श्रेष्ठले भने, 'मध्यान्ह दैनिक वैदेशिक रोजगार व्यवसायी र व्यवसायको सुख दुःखको साथीहरु भन्ने हाम्रो दाबी छ, सबै व्यवसायीबाट सहयोग जुटाइ सबैको अपनत्व महसुस हुने गरी सकेसम्म छिटो भवन खरिद प्रक्रिया टुंगियोस् भन्ने शुभेच्छा रहेको छ, संघको भवनबारे छिट्टै देख्न र लेख्न पाइयोस् ।'

सो अवसरमा संघका अध्यक्ष भण्डारीले संघ स्थापनाको ३२ वर्षको अवधिमा आफ्नै भवन नहुनुको पीडादायी अवस्थाको अन्त्य गर्न उपयुक्त स्थानमा भवन खरिदको प्रक्रिया अघि बढाइएको बताउँदै शुरुवाती अवस्थामा नै मध्यान्ह दैनिकले प्रदान गरेको सहयोगले आफूहरूलाई लक्ष्य प्राप्तिका लागि हौसला प्रदान गरेको बताए ।

उनले मध्यान्हले वैदेशिक रोजगारसँग सम्बन्धित समाचारलाई दैनिक पहिलो पृष्ठमा स्थान दिएर वैदेशिक रोजगार क्षेत्रलार्य व्यवस्थित र मर्यादित बनाउन भूमिका निर्वाह गरेको बताए । उनले लेखनका माध्यमबाट मात्र नभइ संघको भवन खरिद प्रक्रियालाई पनि आर्थिक सहयोग गरेर ठूलो गुण लगाएको भन्दै मध्यान्ह दैनिकप्रति आभार व्यक्त गरे । उनले मध्यान्ह दैनिकले एक लाख एक हजार एक सय एघार रुपैयाँ सहयोग गरेपनि आफूहरुलाई उक्त रकम एक करोड बराबर रहेको महसुस भएको बताए ।

संघको आफ्नो भवन भएमा दैनिक कार्यालय सञ्चालन, भावी योजना निर्माण र कतिपय नीतिगत छलफलमा समेत गुणात्मक परिवर्तन ल्याउन सकिने भन्दै अध्यक्ष भण्डारीले सकेसम्म दशैं अगाडि नै भवन रजिष्ट्रेशन पास गरेर लिने योजना रहेको जानकारी दिए । उनले कार्यालय भवन खरिदका लागि योगदान गर्न व्यवसायीहरूलाई पुनः आह्वानसमेत गरे ।

कार्यक्रम सञ्चालन गरेका संघका महासचिव मेघनाथ भुर्तेलले पनि सबै व्यवसायीलाई अनुकूल हुने गरी राजधानीको सिफलमा ६ आना १ पैसा जग्गामा बनेको साढे तीन तले भवन खरिद गर्न ४ करोड ३० रूपैयाँमा बैनाबट्टा गरेपछि संघले उक्त रकम जुटाउन पहल थालेको अवस्थामा मध्यान्ह दैनिकले स्वतस्फूर्त रूपमा गरेको सहयोग सबै व्यवसायीका लागि प्रेरणादायी र संघ कार्यसमितिका लागि अविश्मरणीय रहने बताए ।

त्यसअवसरमा संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री 'कुमार', कोषाध्यक्ष सरिता घले, कार्यसमिति सदस्य तथा संघको साउदी संयोजक बैकुण्ठ प्रसाद पौडेल वैभव तथा मध्यान्ह दैनिकका उपसम्पादक मुकुन्द लामिछाने, रेशम राज पौडेललगायतको उपस्थिति रहेको थियो ।

संघले भवन खरिदका लागि न्यूनतम १ लाखदेखि २० लाख रूपैयाँसम्म योगदान गर्ने व्यवसायीलाई विभिन्न सम्मान प्रदान गरिने बताएको छ । २० लाख वा सोभन्दा बढी सहयोग गर्ने संस्था वा व्यवसायीको नाममा भवनका कार्यकक्ष नामाकरण, ताम्रपत्रसहित शिलालेखमा नामांकन गरी आजीवन सदस्यताले सम्मानित गर्ने, दश लाख सहयोग गर्ने संस्था वा व्यवसायीलाई ताम्रपत्रसहित शिलालेखमा नामांकन गरी आजीवन सदस्यताले सम्मानित गर्ने, पाँच लाख वा सोभन्दा बढी सहयोग गर्ने संस्था वा व्यवसायीलाई ताम्रपत्रसहित शिलालेखमा नामांकन गरी सम्मानित गर्ने, तीन लाख सहयोग गर्ने संस्था वा व्यवसायीलाई सम्मानपत्र र शिलालेखमा नामांकन गर्ने निर्णय गरेको संघले बताएको छ ।

संघ कार्यसमिति सल्लाहकार, विभिन्न शुभेच्छुक घटक तथा घटक संस्थाका अध्यक्ष, महासचिव र प्रतिनिधिको सहभागितामा बसेको बैठकले भवन खरिदका लागि आवश्यक रकम जुटाउन योगदान गर्नुपर्ने रकम तोकिएको बताएको छ । यसअघि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले संघको भवन खरिदका लागि संस्थागतरूपमा ४७ लाख रूपैयाँ प्रदान गरेको थियो । अध्यक्ष भण्डारीले शुक्रबारसम्म भवन खरिदका लागि १ करोड रूपैयाँ संघमा जम्मा भइसकेको जानकारी दिए ।

## कतारमा...

त्यसयता निरन्तर सल्लाहकार पदमा रहेको समाजका कार्यकारी अध्यक्ष दुर्गा हमालले मध्यान्ह दैनिकलाई जानकारी दिए । उनले चापागाईंका नजिकका आफन्तहरूसँग बुझ्दा उनी कसैसँग सम्पर्कमा नरहेको, तर दुबईमा रहेको भन्ने गाइँगुइँ सुनेको हुँदा मध्यान्हमार्फत दुबईमा रहेका नेपाली समक्ष खोजी कार्य गरी सहयोग गर्न याचनासमेत गरे । 'श्रमिकको पैसा लिएर यसरी गुमनाम होलान् भने सोचेका थिएनौं,' हमालले भने ।

करिब १८ महिनादेखि सम्पर्कविहीन चापागाईंसँग संस्थागतरूपमा कुनै सम्बन्ध तथा सम्पर्क पनि नभएको बताउँदै समाजले चापागाईंबाट सावधान रहन देश तथा विदेशमा रहेका सबैलाई अनुरोध समेत गरेको छ । 'आपसी सहयोग, सद्भाव र एकता, सामाजिक सेवामा हाम्रो प्रतिबद्धता' भन्ने नारा लिएर सन् २०१८ मा समाजको स्थापना गरिएको हो ।

# सार्वजनिक जग्गा संरक्षण गर्न नगर प्रमुखसँग स्थानीयको अनुरोध

काठमाडौं/मस-टोखा नगरपालिकाले शनिबार २० औं हप्ताको विष्णुमती सफाइ अन्तर्गत साङ्ले खोलासँगै करिडोर क्षेत्रमा सफाइ अभियान सम्पन्न गरेको छ । इन्द्रेणी पुल क्षेत्रको टोखा ८ र ३ को सिमानामा शनिबार बिहान १ सय ५० भन्दा बढी सफाइकर्मी, स्थानीयबासी, सामाजिक अभियन्ता, नगर प्रहरी, जनप्रतिनिधि, कर्मचारी र सशस्त्र प्रहरीले सफाइ अभियानमा जुटेका थिए ।

कार्यक्रममा नगर प्रमुख प्रकाश अधिकारी वडा नं. ३, ८ र ११ वडाध्यक्ष र सदस्यहरुको सक्रिय सहभागिता रहेको थियो ।

सफाइ अभियानको क्रममा शनिबार टोखा ३ मा १५ रोपनी भन्दा बढी सार्वजनिक जग्गामा




केही व्यक्तिले हडपेर सटर तथा टहरा बनाइ वर्षौदेखि भाडामा लगाइ खाएको स्थानीयले बताएका छन् । सो सार्वजनिक जग्गालाई दशैं-तिहार लगत्तै संरक्षण गरेर हरियाली पार्क बनाउने नगर प्रमुख प्रकाश अधिकारीले स्थानीयबासीसँग बताएका छन् ।

सार्वजनिक जग्गामा भाडामा बसोबास गर्दै आएका स्थानीयहरुले नगरपालिकाले सरकारी जग्गा संरक्षण गरे आफुहरुले तत्काल टहरा हटाउन सहयोग गर्ने बताएका थिए । उनीहरुले भने,' नगरपालिकाको अभियानमा हाम्रो साथ रहन्छ, तर व्यक्तिले भाडामा लगाइ खान दिनु भएन ।' टोखाले वैशाख २९ गतेदेखि शुरु गरेको सफाइ अभियान निरन्तर रूपमा हुँदै आएको छ ।

# भन्सार छलीका सामग्री बरामद

**हेटौंडा/मस-** मकवानपुरमा सशस्त्र प्रहरी बलको सक्रियतासँगै अवैध भन्सार छली आएका विभिन्न सामग्रीहरु धमाधम बरामद हुन थालेको छन् ।

यसै क्रममा शुक्रबार प्रहरी बल नेपाल १४ नं हेडक्वाटरले १४ केजी गाँजा बरामद गरेको छ । विशेष सूचनाको आधारमा प्रहरी सहायक निरीक्षक बीर बहादुर लामाको कमाण्डमा खटिएको टोलीले उक्त गाँजा बरामद गरेको हो । प्रहरी टोली देख्नसाथ लेवट सामुदायिक बनबाट हेटौंडा आउँदै गरेका दुई जना व्यक्ति झोला छोडेर भागेका थिए । उक्त स्थान हेटौंडाबाट करिब



७ किमी पश्चिम रहेको छ । केही दिन अगाडि पनि भारतीय तिर्थयात्री रहेको बसमा करिब ३ लाख मूल्य बराबरको सुनको धातु लेपन गर्ने केमिकल, चिनी, कपडा लगायतका सामान बरामद भएको थियो । बरामद गरिएका सामान वीरगञ्ज भन्सार कार्यालय पठाइएको सशस्त्र प्रहरी बल नेपाल १४ नं. हेडक्वाटर गणपति प्रहरी उपरीक्षक ज्ञान प्रसाद भुर्तेलले जानकारी दिए ।

# प्रत्यक्ष निर्वाचित राष्ट्रपति र समानुपातिक निर्वाचन प्रणाली चाहिन्छ : प्रचण्ड

**काठमाडौं/मस–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको ‘एजेण्डा’लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन्।

अखिल नेपाल ट्रेड युनियन महासंघले शनिबार आयोजना गरेको ‘राजनीतिक वैचारिक प्रशिक्षण’ मा अध्यक्ष दाहालले संविधान निर्माणका क्रममा फरक मतका रुपमा प्रस्तुत पार्टीको प्रस्तावलाई नै अघि सारिने बताए।

वर्तमान संविधानमार्फत जनताले पाएका अधिकार केही शक्तिलाई मननपरेको टिप्पणी गर्दै उनले संविधान संशोधनका नाममा जनताका अधिकार खोस्न खाजेको आरोप लगाए। ‘अहिलेको संविधान विस्तृत शान्ति सम्झौताको अंगको रुपमा रहेकाले शान्ति सम्झौताको एक हस्ताक्षरकर्ता माओवादीको सहमतिबिना गर्न खोजिने संविधान संशोधनको प्रयासप्रति माओवादी केन्द्रको सहमति छैन। हाम्रो सहमतिबिना संविधान संशोधन गर्ने अधिकार कसैलाई छैन’ उनले भने।




इमान्दर भएर संविधान संशोधनको प्रयास भएमा आफूहरु त्यसका लागि तयार हुने पनि उनले स्पष्ट पारे। अग्रगमनमा लागिसंविधान संशोधनको सबैभन्दा बढी आवश्यकता माओवादी केन्द्रलाई नै भएको उनको कथन थियो।

प्रत्यक्ष कार्यकारी निर्वाचित राष्ट्रपतिसहित पूर्ण समानुपातिक निर्वाचन प्रणाली पनि आवश्यक भएको उनले बताए। ‘अहिले जसरी राजनीतिक भ्रष्टाचार बढिरहेको छ, यो निर्वाचन प्रणालीका कारणले हो’ अध्यक्ष दाहालले भने, ‘एउटा पालिकामा चुनाव जित्न करोड, प्रदेशमा दश करोड र संघमा पचास करोड खर्च गर्नुपर्ने अवस्थाले जितेर आउने प्रतिनिधि जनताको काम होइन, भ्रष्टाचार गरेर चुनाव खर्च उठाउनेतर्फ लागेको देखियो। भ्रष्टाचारको मुहान सुकाउने हो भने निर्वाचन प्रणाली बदलेर त्यसलाई पूर्ण समानुपातिक बनाउनुपर्छ।’

करोडौं खर्च गरेर सांसद र मन्त्री बन्ने अभ्यासप्रति विमति जनाउँदै अध्यक्ष दाहालले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिले मन्त्रिमण्डल बनाउने र सांसदहरु कानून निर्माणमा मात्रै लाग्ने, मन्त्री बन्न नपाउने निर्वाचन प्रणालीले मात्र भ्रष्टाचार रोक्न सकिने उनको तर्क थियो। आफूहरु अनियमितताविरुद्ध खबरदारी गर्दै सरकारबाट बाहिरिएको र सरकारमा रहँदा भ्रष्टाचारका खिलाफ एकपछि अर्को अभियान चलाएकाले नै माओवादी केन्द्रप्रति जनभरोसा बढेको उनले बताए।

# बृहत् स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सम्पन्न

**काठमाडौं/मस–** लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ आइ नेपाल बाग्मती एरियाद्वारा नेपालमै पहिलो पटक एउटै छातामुनी बृहत् स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ आइ बागमती एरियाको ४२ वटा क्लबहरुको समन्वयमा धुम्वाराहीस्थित शंखपार्कमा मेघा हेल्थ चेक अफ र ब्लड डोनेसन कार्यक्रम भएको हो। कार्यक्रमको आयोजक एल् सी के टेम्पल गणेश रहेको थियो।

पैसाको अभावमा कसैको पनि ज्यान नजाओस्, स्वास्थ्य उपचारमा वञ्चित नहोस् भन्ने हेतुले यो कार्यक्रम गरिएको एल् सी के टेम्पल गणेशका अध्यक्ष सुमना खरेल शर्माले बताए।




कार्यक्रममा डिष्ट्रिक ३२५ आइ नेपालका डिष्ट्रिक गर्भनर लायन विनोद ढुंगाना, एल् सी के बालकुमारी सांग्लाका सल्लाकार तथा वरिष्ठ पत्रकार लायन राजन थापा, हास्य कलाकार गोपाल ढकाल (छन्द्रे), ॐ समाज डेन्टलका डा.सुवास घिमिरे लगायतको उपस्थिति रहेको थियो। बृहत् स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रममा ६ वटा संस्थाहरु ग्राण्ड इन्टरनेशनल अस्पताल, ॐ समाज डेन्टल अस्पताल, शिवपुरी फार्मेसी, इशान अस्पताल, किर्तिपुर आँखा अस्पताल, स्तुपा अस्पतालले क्रमश ब्लड डोनेसन, दन्त उपचार सेवा, ब्लड प्रेसर र सुगर जाँच, इएनटी सेवा, आँखा जाँच, तथा नसा सम्बन्धी उपचारको सेवा दिइएको थियो। स्वास्थ्य शिविरमा ब्लड सुगर ४ सय ३६, दाँतको सेवा ६ सय ३५, आँखा जाँच ७ सय २१, नसा ५ सय २० महिला स्वास्थ्य जाँच ८ सय ६२, बच्चाको जाँच ४ सय २२, नाक, कान, घाटी ९ सय ५, अर्थोपेटीकको ८ सय ४ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो।

त्यस्तै १ सय ८ जना मानिसलाई बचाउन पुग्ने गरी रगत संकलन गरिएको थियो। सो स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रममा विशेष सहयोग पुऱ्याउने ६ वटा अस्पताललाई सम्मान पत्र दिइएको थियो। टपटेन खबरका सम्पादक पत्रकार नन्दलाल खरेल र नागरिक विकास डटकमका सञ्चालक दिनेश लामिछानेलाई प्रशंसा पत्र प्रदान गरिएको थियो।

# पर्वत समाज जलजला इकाइ कतारको अध्यक्षमा कार्की

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ५ असोज

पर्वत समाज कतार मातहत रहेको पर्वत समाज जलजला इकाइ कतारको प्रथम अधिवेशन शुक्रबार सम्पन्न भएको छ। इकाइका तदर्थ समितिका संयोजक देभाराज कार्की क्षेत्रीको सभापतित्व तथा पर्वत समाज कतारका अध्यक्ष रघुनाथ शर्माको प्रमुख आतितथ्यतामा सल्वा रोडमा रहेको ग्रिन रेस्टुरेन्टको सभा हलमा अधिवेशन सम्पन्न भएको हो।



खुला र बन्द सत्र गरी दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट आगामी एक कार्यकालका लागि देभाराज कार्की क्षेत्री (जलजला ३) को अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ। कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा सूर्य बहादुर खत्री, उपाध्यक्ष अम्मर बहादुर जी.सी, सचिव बाबुराम नेपाली, सहसचिव बेल बहादुर कार्की, कोषाध्यक्ष क्षेत्र बहादुर जी.सी, सह-कोषाध्यक्ष कर्ण बहादुर परियार चयन भएका छन्। नव कार्यसमितिका सदस्यहरूमा लोक बहादुर खत्री, सन्दीप भण्डारी, नन्द बहादुर परियार, फौद बहादुर कार्की, भगवान जी.सी, दिनेश मल्ल, बुद्धिमान नेपाली र नवराज बरुवाल रहेका छन्। कार्यसमितिलाई निर्वाचन समिति तथा विधान समितिका संयोजक भरत मल्लले पद तथा गोपनीयताको शपथ ग्रहण गराउँदै प्रमाण पत्र प्रदान गरेका थिए।

अधिवेशनको खुला सत्रमा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि शर्माले सिंगो जलजलालाई समेटेर प्रथम अधिवेशन सम्पन्न गर्दै कार्कीले आफ्नो कुशल क्षमता देखाइसकेको बताउँदै प्रशंसा गरे। शर्माले इकाइ पनि परिवारको महत्वपूर्ण हिस्सा भएको हुँदा औपचारिकरूपमा सहयात्रा शुरु भएको बताए। कतारमा स्थापित सीमित संघ संस्थाका प्रमुख र प्रतिनिधि, कतारको नेपाली समाजका बुद्धिजीवी तथा सामाजिक अभियन्तासहित समाजका विभिन्न तहका पदाधिकारीहरू, पत्रकार र जलजलावासीहरूको उपस्थिति रहेको थियो। अधिवेशनमा बोल्ने वक्ताहरूले इकाइ गठन गर्दा केन्द्रीय कार्यसमितिले समेट्न नसकेर छुटेका मुद्दाको समाधान मात्र नभइ जहाँ आवश्यकता त्यहाँ समाजको उपस्थिति पनि हुने कुरामा विश्वास व्यक्त गरेका थिए।

तदर्थ समितिका सचिव बाबुराम नेपालीले सहजीकरण गरेको कार्यक्रममा नेपालीले नै कार्य प्रगति र कोषाध्यक्ष क्षेत्रबहादुर जी.सीले आर्थिक प्रतिवेदन पेस गरेका थिए। अधिवेशनको खुला सत्रको समापन गर्दै सभापति कार्कीले तदर्थ समितिको नेतृत्व लिएपछि आफूले सबैबाट साथ र सहयोग पाएको बताउँदै आभार व्यक्त गरेका थिए।

# चन्द्रपुर नगरमा नि:शुल्क आँखा र दन्त शिविर

**मध्यान्ह संवाददाता**
चन्द्रपुर, ५ असोज

चन्द्रपुर नगरपालिकामा नि:शुल्क आँखाका साथै दन्त शिविर शुरु भएको छ। सर्वसाधारणको आँखा र दाँतको नि:शुल्क उपचार गराउने उद्देश्यले सिन्दुरेघारी टोल विकास संस्थाको आयोजनामा शिविर शुरु भएको हो। शिविरको चन्द्रपुर वडा नम्बर ९ का अध्यक्ष नवराज देवकोटाले आफ्नो आँखाको परीक्षण गरेर शिविरको शुरुवात गरेका थिए।



स्वास्थ्य परीक्षण गराउनुअघि अध्यक्ष देवकोटाले नगरपालिकाभित्रका नागरिकलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सुरुवात गरिएको शिविरबाट धेरै सर्वसाधारण लाभान्वित हुनेमा आफू विश्वस्त रहेको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव गोबिन्द चौलागाईले सेवाको भावका साथ ९ नम्बर वडाबाट सुरुवात गरिएको कार्यक्रम सबै नगरपालिकाभित्र पुग्ने बताए।

उनले सिन्दुरेघारी टोल सधार संस्थाले ‘आफ्नो गाउँमा जन्मदिनलाई सत्कर्ममा जोडौं’ अभियान अन्तर्गतको वृक्षारोपण अभियानबाट हरियाली गाउँ बनाउने क्रममा जुटेकाले धन्यवाद व्यक्त गरे। त्यसैगरी मुलघर सहकारीका अध्यक्ष महेन्द्र चौलागाईंले मकै खेतीमा ब्यहोर्नुपरेको क्षति बापत प्राप्त रकमबाट स्थापना गरिएको ग्रामीण स्वास्थ्य केन्द्रमा सुरुवात गरिएको नि:शुल्क स्वास्थ्य शिविर संचालन भएकोमा खुसी व्यक्त गरे।

नेपाली सेनाका मेजर रामकुमार रोक्का जजामाबी सिन्दुरेघारीका प्रधानाध्यापक सत्रुधन प्रसाद साह, निजगढ तिलगंगा अस्पतालका डाक्टर दिपक सुवेदी, ग्रामीण स्वास्थ्य केन्द्र सिन्दुरेघारी अध्यक्ष खड्ग बहादुर कार्की, धर्मशालाका अध्यक्ष शंकर प्रसाद सत्याल लगायतका स्थानीय अगुवाहरुको उपस्थितिमा भएको कार्यक्रमबाट आँखा र दाँत गरी झण्डै चार सयको संख्यामा स्वास्थ्य परीक्षण गरी औषधि समेत उपलब्ध गराइएको छ। संस्थाका अध्यक्ष रामप्रसाद त्रिपाटीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रराज चौलागाईंले गरेका थिए।

# ज्येष्ठ नागरिक संरक्षण अक्षयकोष स्थापनार्थ २२ लाख बढी संकलन




**युबराज पुन/मध्यान्ह**
सुनवल, ५ असोज

सुनवल सत्मार्ग बहुआयमिक समाज र श्री कृष्ण धाम विकास समितिको संयुक्त आयोजनामा श्री कृष्ण जन्माष्टमीको अवसरमा आयोजित पुजामा २२ लाख बढी रकम संकलन भएको छ।

ज्येष्ठ नागरिक संरक्षण अक्षयकोश स्थापनार्थ गत भदौ ८ देखि १० गतेसम्म सञ्चालित पुजाको शनिबार आयव्यय सार्वजनिक गरिएको छ। समितिका अध्यक्ष मोहन कार्कीको अध्यक्षता एवं सुनवल सत्मार्ग बहुआयमिक समाजका अध्यक्ष भिम बहादुर थापाको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रममा कुल आम्दानी २२ लाख ८४ हजार १ सय ४० भएको जनाइएको छ। यस्तै खर्च ११ लाख १ हजार २ सय ७१ भएको छ, भने बचत ११ लाख ८२ हजार ८ सय ६९ रहेको आर्थिक संयोजक लीला धर सापकोटाले बताए।

सो अवसरमा चन्दा दाताहरुलाई सम्मान पत्र प्रदान गरिएको थियो। कार्यक्रममा वडा नं ४ का वडा अध्यक्ष बाल कृष्ण पङ्गेनी, पुजा व्यवस्थापन मूल समिति सल्लाहकारहरु विष्णु प्रसाद पौडेल, कृष्ण लामिछाने, यज्ञ पाण्डे, उद्योग वाणिज्य संघ सुनवलका अध्यक्ष रमेश कर्मचार्य लगायतले शुभकामना मन्तव्य राखेका थिए। समितिका अध्यक्ष मोहन कार्कीको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन महा-सचिव मुरली गौतमले गरेका थिए।

# बलान बिहुल गाउँपालिकामा मनाइयो विश्व शान्ति दिवस

**घुरन यादव/मध्यान्ह**
सप्तरी, ५ असोज

सप्तरीको बलान बिहुल गाउँपालिकामा एक कार्यक्रमबीच ४२ औं विश्व शान्ति दिवस मनाएको छ। सो अवसरमा गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले शान्तिको प्रतिक परेवा उडाएको थियो।

बलान बिहुल गाउँपालिकाको चन्ही चौकबाट विभिन्न टेम्पलेट बोकेर शुरू भएको प्रभातफेरी गाउँपालिका कार्यालय अगाडि कोणसभामा परिणत भएको थियो।




सो कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले सशस्त्र द्वन्द्वबाट गुज्रिएको विस्तृत शान्ति सम्झौतापछि समृद्धितर्फ अगाडि बढीरहेको बताए। कुनै पनि द्वन्द्वको समाधान संवादबाटै भएकोले आजको समयमा एक अर्कोको सह-अस्तित्व स्वीकार्दै अगाडि बढनुपर्नेमा जोड दिए।

बलान बिहुल गाँउपलिकाको समन्वयमा तथा इन्टरनेशनल अलर्टको आर्थिक सहयोगमा समग्र जन उत्थान केन्द्र लहानद्वारा सञ्चालित न्यायमा पहुँच सवलीकरण परियोजना अन्तर्गत रहेका न्यायका लागि नागरिक सञ्जाल बलान बिहुलका संयोजक पशुपती यादवको अध्यक्षतामा सम्पन्न भएको हो। सो कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति सप्तरीका सदस्य विरधिलाल यादव, बलान बिहुल गाउँपालिकाका कार्यपालिका सन्तोष साह लगायतका वक्ताहरूले शान्तिमै उन्नति रहेकोले बाटो नबिराउन सहभागीहरूमा आग्रह गरे।

सो कार्यक्रम स्वागत मन्तव्य न्यायका लागि नागरिक सञ्जाल सदस्य पत्रकार रासिन्द्र यादवले गरेका थिए।

संयुक्त राष्ट्र महासभा बैठकको निर्णय बमोजिम हरेक वर्ष सेप्टेम्बर २१ तारिखका दिन विश्व शान्ति दिवस मनाउने गरिन्छ। यो दिवस सन् १९८२ सेप्टेम्बर २१ देखि मनाउन शुरु गरिएको हो। कार्यक्रममा बलान बिहुलका गाउँपालिका कार्यपालिका सदस्य संजिव शर्मा, कार्यपालिका सदस्य सरस्वती यादव, वडा नम्बर -५ का वडा सदस्य उपेन्द्र यादव, सशस्त्र प्रहरी रामनगर कोदरकट्टीका सशस्त्र प्रहरी निरीक्षक, नेपाल प्रहरी चन्हीका प्रहरी सहायक निरीक्षक हेमन्त तमाङ, बलान बिहुलका सूचना प्रविधि अधिकृत मुकेश यादव, सरस्वती साना किसान सहकारीका मल्हनियाँका अध्यक्ष चानो राम, पत्रकार रामशंकर भण्डारी लगायतको सहभागीता रहेको थियो। यस्तै साँझ चन्ही चोकमा दिप प्रज्वलन गरी ४२ औं विश्व शान्ति दिवस मनाइएको समग्र जनउत्थान केन्द्रका सामाजिक परिचालक लोकेन्द्र प्रसाद यादवले जानकारी दिए।

# नेपाली साझा मञ्च साउदीका उपाध्यक्ष वि.क सम्मानित

**मध्यान्ह संवाददाता**
साउदी अरब, ५ असोज

साउदी अरबको जेद्दास्थित महावाणिज्य दूतावासले सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका नेपाली साझा मञ्च साउदीका उपाध्यक्ष तेज बहादुर वि.कलाई सम्मान गरेको छ। नेपाली श्रमिकहरूको समस्याको समाधानमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको, श्रमिकहरूको उद्धार, सहयोग, आवास व्यवस्थापन,साथै उनीहरूको हकहितको लागि निरन्तर योगदान गरेको भन्दै महावाणिज्यदूतावासले उनलाई सम्मान गरेको हो।



सम्मानपत्रमा महावाणिज्यदूत शत्रुधन सिंह पोखरेलले श्रमिक समुदायको हितका लागि गरिएको योगदानको कदर गर्दै भविष्यमा पनि यस्तै सेवाभाव निरन्तर रहने अपेक्षा व्यक्त गरेका छन्। यो सम्मानले श्रमिकको हितमा वि.कले गरेको योगदानलाई कदर गर्नुका साथै नेपाली श्रमिकहरूबीच सकारात्मक ऊर्जा र उत्साहको सञ्चार भएको छ।

शुक्रबार नेपाली राजदूतावासले रियाद र जेद्दा, महावाणिज्यदूतावासले जेद्दामा छुट्टाछुटै समारोह गरी साउदीमा सक्रिय संघ संस्था र व्यक्तिहरूलाई सम्मान गरेको थियो।

मध्यान्ह
www.madhyanhadaily.com
६ असोज २०८१, आइतबार
22 September 2024, Sunday

सम्पादकीय

## अल्मलिएका प्रतिपक्षीहरू

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसद अवरोधको नीति कायमै रहेको बताएका छन् । शनिबार केन्द्रीय मूख्यालय पेरिसडाडाँमै आयोजित एक कार्यक्रममा प्रचण्डले माओवादी जनयुद्धलाई हिंसा भनिएकाले संसद् अवरोध कायमै राख्ने बताए । सँगै सडकबाट समेत माओवादी हिंसा भन्ने एमाले सांसदहरूको अभिव्यक्तिलाई प्रतिवाद गर्न आह्वान गरे । माओवादीले लडेको युद्धलाई हिंसा भनिनु शान्ति प्रक्रिया बिरूद्धका कुरा भएको प्रचण्डको तर्क थियो । गत १२ भदौमा एमाले सांसद योगेश भट्टराईले माओवादी हिंसा शब्द संसदमा प्रयोग गरेका थिए । उनको अभिव्यक्तिविरूद्ध माओवादीले संसद् अवरोध गरेको थियो । यद्यपि वर्षे संसद् अधिवेशन अन्त्य हुने दिन माओवादीले अवरोध हटाएको थियो ।

वर्षे अधिवेशन सकिएकाले माओवादीको अवरोध नीति पनि संसद्मा देखिनेछैन । यदि प्रचण्डले भनेजस्तो संसद् अवरोधकै नीति कायम रहने हो भने माओवादीले आउने हिउँदे अधिवेशनमा अवरोध गर्नुपर्ने हुन्छ । त्यो भनेको केही महिना पछाडि हुने कुरा प्रचण्डले शनिबारको कार्यक्रममा बोले । अर्थात् कम्तिमा पनि तीन/चार महिना पछाडिको कार्यसूची प्रचण्डले सुनाएका छन् । जबकी माओवादीले लडेको दश वर्षे युद्धलाई कसरी सम्बोधन गर्ने भन्ने विषय झण्डै तीन दशक लामो बहस हो । माओवादी शान्ति प्रक्रियामा आएको १८ वर्ष भइसक्दा पनि दलहरूबीच मतैक्य हुन नसकेको विषयलाई अहिले फेरि विवादको विषय बनाइएको छ । एकअर्थमा अहिले हुनै नहुने विवादमा सरकारको नेतृत्व गरिरहेको एमाले र प्रमुख विपक्षी माओवादीका सांसदहरू अल्मलिएका छन् ।

संसद्मा मात्र नभएर सडकबाट समेत एमाले सांसदको अभिव्यक्तिलाई प्रतिवादन गर्न प्रचण्डले उर्दी गरेका छन् । यद्यपि प्रचण्ड र प्रमुख प्रतिपक्षीले अहिले उठाउनुपर्ने एजेण्डा यो होइन । प्रमुख प्रतिपक्षीले सरकारका नियमित कामकाजमा भइरहेका त्रुटि औल्याउनु पर्ने हो । नजिकिएको चाडपर्वहरूमा सर्वसाधरणले सहज रूपले उपभोग्य सामग्री पाउनुपर्ने विषय उठाइनुपर्ने हो । संवैधानिक नियुक्तिहरूमा विधान र इमानको प्रश्न उठाइनुपर्ने हो । भर्खरै १६ देशका निम्ति राजदूत सिफारिस अनुमोदन भए । सिफारिस भएका राजदूतहरूबारे सघन छलफलमा खरो उत्रनुपर्ने हो । भ्रष्टाचारका मुद्दामा अख्तियार गरिने नीतिहरूप्रति बहस गरिनुपर्ने हो । तर यी विषयहरूमा माओवादी सहित विपक्षीहरू फितलो देखिन्छन् । निष्कर्षमा भन्दा जनताको एजेण्डामा सरकारलाई उत्तरदायी बनाउन प्रतिपक्षी शक्तिहरू चुकिरहेका छन्, र अरू राजनीतिक विषयमा अल्मलिएका छन् ।

# संविधानमाथि उठिरहेको प्रश्न

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हाम्रो संविधान निकै जोसिलो र जाँगरिलो छ । निकै ठुलो खर्च, निकै धेरै समय, निकै धेरै नेपालीलाई निलेर आएको संविधानमा निकै जोस छ, यति धेरै जोस, यसअघिका कुनै संविधानमा थिएन । अहिलेको संविधान आएपछि व्यापार घाटामा हामी उन्नत भएका छौँ, आन्तरिक र बाह्य ऋणमा अब्बल छौँ, नेपाली जनता निर्याततक र खाद्यान्नलगायतका तमाम विषयवस्तुहरूको आयतक पनि बन्न अब्बल छौँ । नयाँ पुस्ता नचाहिने भएका छौँ र जतिसुकै रोगी भए पनि उमेर ढल्केका र पाका भनिएका नेताहरूबाट देश सञ्चालन गर्न पाएका छौँ, त्यो पनि पालैपालो । आफ्नो जातभातमा नआउनेको त सास पनि गनाउने गरेको छ, बालेनको काठमाडौं सुन्दरता मन नपर्ने भएको छ, एक अर्कामा पानी बाराबार छ । यसअघि आफ्नो जातभात मिल्दा कति रमाइलो थियो, सिंहदरबार र बालुवाटारलाई, अब कुमारी जात्रा, इन्द्रजात्रा, अनन्त चतुर्दशी जस्तो सांस्कृतिक, धार्मिक र ऐतिहासिक चाड जसले राष्ट्रिय समन्वय, आपसी मैत्री गराउँथ्यो, त्यो नचाहिने भएको छ । र वर्षभरि भएका कुण्ठा बिर्साउने गरी सञ्चालन हुने गरेका यस्ता पर्वमा एकले अर्कालाई देख्नै नपर्ने गरी देशको इतिहासमै रेकर्ड तोड्ने गरी कार्यक्रम देखाउन पनि हाम्रो संविधान सफल भएको छ । कसैको टिसर्ट लगाएर युवाहरू नयाँ सडक गएकै भरमा प्रहरी नियन्त्रणमा राख्ने हाम्रो संविधान छ र यसपालि त पहिलोपल्ट मधेस सरकारको आन्तरिक मन्त्रालयले दिवसको रूपमा पनि मानेको छ ।

यो संविधान आएपछि धेरै नेपालीहरूको घर-आँगनमा अँध्यारो छाएको थियो र अहिले असोज ३ गते यसको दिवस मनाइरहँदा काठमाडौंको थापाथलीमा यसमा आगलागी भइरहेको थियो, मधेसका धेरै ठाउँहरूमा ब्ल्याक आउट भइरहेको थियो, जताततै उग्र नारा अनि संविधानको अन्त्येष्टि पनि हुँदै थियो, प्रहरी र प्रदर्शनकारी बिच झडप पनि । काठमाडौँमा त अलि अघिदेखि नै धेरै जोस जाँगरसहित युवाहरू सडकमा विरोध गर्दै ओइरिइरहेका छन् र वैदिक सनातनीहरूको आफ्नो भावना मुखरित भएन, देशमा रहेका बहुसंख्यकक वैदिकहरूलाई होच्याइयो भन्दै ठुलै असन्तोष व्यक्त गरिरहेका देखिन्थे । गति छोडेरै यसको विरोध गर्नेलाई अदालतबाट स्वीकृति लिई पक्राउ गर्न, घर घेराउ भएका दृश्यहरू पनि देखिन्थे भने सामाजिक सञ्जालहरूमा कालो दिवस भन्दै छरपस्ट आफ्ना अभिव्यक्तिहरू प्रस्तुत भइरहेका थिए । रेडियो समाचारलगायतका कार्यक्रममा यो संविधानले निजामती सेवा ऐन ल्याएन, शिक्षा सेवालगायतका दर्जनौँ ऐन कानुनहरू बनाएन र पैसा असुल्ने खालको मात्र कानुन बनायो भन्दै विज्ञहरूको लामो अभिव्यक्तिहरू सुनिँदै थियो ।

संविधान सञ्चालकहरू भने टुँडिखेलमा चर्को भाषण ठोक्दै थिए र भन्दै थिए, समृद्धि नचाहने, विकास नचाहने, परिवर्तनलाई आत्मसात् नगर्नेहरूले विरोध गर्दैछन् । युवाहरूमा केही गरौँ भन्ने हुटहुटी छ, त्यसलाई रोक्न चाहनेहरूको समूहप्रति जाइलाग्नु पर्छ । बिचरा तिनलाई थाहा रहेन कि युवा जति खाडी पसे, देशमा भ्वाङ्ग परिसकेको छ, भ्रष्टाचारको खाल्डोमा देश फसिसकेको छ, देशका गाउँ बस्ती उजाड भइसकेको छ, बाटा घाटाहरू रद्दीको टोकरीमा फाल्ने बेला भइसकेको छ, मलामी र जन्ती जाने मान्छे छैन, रोजगार र उत्पादन छैन, सवा सय वर्षमा २९ सय मेगावाट बिजुली उत्पादन गर्ने देशमा खपत नभएर निर्यात गर्नु परेको छ, जसले खपत गरेको थियो, उसले महसुल तिर्न मानेको छैन र २० युनिट प्रयोग गरिब उपभोक्ताको लाइन संविधान दिवसकै सेरोफेरोमा काटिएको छ, चालु खर्चलाई देशले धान्न नसकेको छ, पुँजीगत खर्च भएको छैन र भएको पनि असारे, डोजरे र माटो छोप्ने मात्र भएको छ र वडाध्यक्षहरूको डोजरहरूले प्रकृतिको दोहन गरेर भूस्खलनको मात्रा तीव्र बढाएको छ । मोनो रेल र मेट्रो रेल अनि घरघरमा ग्याँसका पाइप लाइनको सपना अधुरो छ ।




*जुन पृष्ठभूमिमा, जे-जस्तो प्रावधान समेटेर संविधान बन्यो, सो विषयहरू नै सर्वस्वीकार्य खालका भएनन् । संविधानले सबैलाई समेट्न सकेन । अल्पसंख्यकककका त मुद्दा समेटिएनन् नै बहुसंख्यकको लागि पनि स्वीकार्य खालको भएन । व्यवस्थासँग जोडेर देखिएका अधिकांश समस्या, संविधानका अस्पष्टता हुन भन्दा अन्यथा हुँदैन ।*

सार्वजनिक बसहरू दिनका दिन नदी स्नान गर्न जाने गरेका छन्, खोज्न गएको विदेशी चुम्बक पनि तिनकै साथमा सती जाने गरेका छन्, आफ्नो भुटीभ्वाँग क्षमता नभए पनि पूर्वपश्चिम रेल चलाउने सपना देखाउने उन्नत संविधान छ हामीकहाँ, भएको रेललाई घुम्टो ओढाउने, चालु राख्दा निकै ठुलो घाटामा जाने अनि यात्रुहरूको शिला खोज्नु पर्ने बेला छ, बनेका अन्तर्राष्ट्रिय विमानस्थलहरू सुकी टाट हुन लागेका छन् भने एयरपोर्टको छोटो दूरीको प्रवेश आज्ञा पाएको छैन, अर्को सिमरामा विमानस्थल बनाउने धोको पनि राखेको छ यो संविधानले ।

संविधानले सडकमा नारा लागिरहँदा एमसीसीमै गरिसकिएको छ, गण्डकमा गरिएको छ, कोसीमा गरिएको छ, महाकाली, टनकपुरमा गरिसकिएको छ, चुच्चे र बुच्चे दुई थरी नक्सा छन् । नागरिकता विधेयकमा एउटा सभामुख अर्कै राष्ट्र प्रमुख, लिपुलेक, कालापानीमा विदेशीले एक दशक लगाएर बनाएको सडक उद्घाटनमा मात्र जानकारी पाउने हाम्रो लोकतन्त्र र संविधान संसारमै अब्बल भन्नुपर्छ । संसदमा यति धेरै ठुलो जुहारी छ कि आम नेपालीहरूलाई त्यही जुहारी हेरेर आफू रोजगार भएको महसूस गर्नु परेको छ । अदालतले दिएको परमादेशलाई पटक-पटक भ्याकेटमा गइरहन्छ, हाम्रो संविधान त्यसैले अब्बल छ, जोसिलो छ, फुर्तिलो छ, स्वतन्त्र न्यायालय, शक्ति पृथकीकरणको सिद्धान्त सायद हाम्रो संविधानलाई अपाच्य छ । हरेक साता नयाँ नयाँ मसलाहरू दिएर नेपालीहरूलाई गृहकार्य दिइरहने, व्यस्त बनाइरहने हाम्रो लोकतन्त्रले अहिले नदी किनाराको दूरी थप २० मिटरको दिएको छ, चाहेमा एक सातामा दुई तिहाइको संविधानले नदीको मापदण्ड तोकेर ऐन बनाउन सक्नेमा त्यो नगरेर संसद नै अधिवेशन अन्त्य गर्न पनि सफल छ संविधान ।

दैलोमा सरकार बनाउन सकेको छ संविधानले र दैलोमै चिथोर्ने नङ्गा धेरै लिएर आएको संविधानले आयस्रोत नभएका नागरिकबाट उठिबास लगाउने गरी जग्गा र घरको कर असुल्ने गरेको छ, कुनै बन्द व्यवसाय गर्न खोज्यो भने पचास संयन्त्रमा दैदस्तुर बुझाउनु पर्ने भएको छ । घर उठाएर लग्न नसकिने भएको छ, सडकबाट सवारी उठाएर लग्न सकिँदैन र लुकीलुकी जरिबाना उठाउन पनि सफल छ । अर्बौं अर्ब रकम जरिवाना उठाउन सफल छ, संविधान यति अन्धो छ कि विदेशमा ट्राफिक देखिन्नन्, प्रणालीले काम गर्छ, बाटाघाटा ठुला छन्, तर यहाँका सडक कस्ता छन् कि हरेक १० मिनेटमा सवारी साधनबाट जरिवाना उठाउन सकिने खालको छ । कमलादीको भ्वाङ्ग टाल्नु पर्दैन, मेलम्ची नआए पनि हुन्छ नआउँदा पनि पाइपहरू फुट्छन् सडकमै पानी जहाज चलाउनु पर्ने अवस्था हुन्छ ।

बैङ्कहरूले व्याजलाई सिनित्तै घटाएका, ब्याज कर भने बडेको छ र अधिक तरलता भएको लगानीयोग्य रकम लगानी गर्न उद्यमीहरू उत्साहित नगराउने र त्यो वातावरण तय नगर्ने बरु विदेशबाट आयात गरेर भन्सार राजस्व असुल गर्दै वित्तीय सञ्चालन गर्न पनि माहिर छ हाम्रो संविधान । भ्यु टावर बनाउँदै तिनमा मुसा दौडाउने र सुकुम्वासीलाई बनाइएको इचँगुका भवनहरू निकम्मा राखेर नदी किनारामा भोटबैंक तयार गर्न सफल छ हाम्रो संविधान । अरू देशले एक थान संविधान बनाए भने सामान्य संशोधन बाहेक वर्षौं वर्षसम्म चलाइरहेका छन्, यहाँ २००७ सालदेखि बनेका संविधानका ताँती नै छन् र कुनैले आफ्नो लक्ष्यमा पुग्न नसकेको अवस्था छ । कुनै देशमा त लिखित संविधान पनि छैन तर, उन्नत र विकसितको रूपमा चर्चित छ, अनि हाम्रा जति राजा राजाहरू कुनै देशका संविधानले बनाएकै छैनन्, यहाँ जनता भन्दा राजनैतिक कार्यकर्ता धेरै छन् र सबैजसोले राजनैतिक रोजगारी पाएका छन् जसले पाएका छैनन् खाडीमा बा अन्यत्र कतै छन् बा निराश भएर यहाँ बेकामी भएर दिन गुजार्दै छन् । यहाँको काण्डको चाङ यति ठुलो छ कि काण्ड मत्थर पार्नैका लागि सत्ता परिवर्तन हुन्छ, रातारातै अरू एजेन्डा नै चाहिँदैन, आफ्नो परेन कुनै मान्छे र त्यो जनताबाट अनुमोदित भयो भने उसलाई खुइल्याउनैका लागि सबैजसो समय खर्च हुन्छ के-के आयोगहरू बन्छन् ।

र, अन्त्यमा संविधान संवाहकहरूले युगान्तकारी दस्ताबेज पनि भनेका छन्, यति धेरै प्रशंसा र यति धेरै विरोध हुने गरेको संविधान सायद युगान्तकारी नै होला । यसकारण पनि यो युगान्तकारी हुनुपर्छ कि यति धेरै कुण्ठा, आक्रोश, निराशा यस अधिका कुनै संविधानमा थिएनन् र देश सिनित्तै हुने गरी छोड्नेको संख्या र भएको जनसंख्याको गति पनि माइनस तिर जान लागेको पहिलो अवस्था नै होला । अब एक दशकमा त देशको हालत के होला सजिलै आकलन गर्न सकिने भइसकेको छ । संविधानले समावेशी अधिकार दिएछ र आफ्नै भिआइपीहरूलाई उच्च ओहोदामा पनि लैजान सहज बनाएछ, त्यस कारण पनि यो संविधान उन्नत छ, अब्बल छ, जोस जाँगरयुक्त छ भन्नै पर्छ ।

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

कुनै पनि कम्पनीमा जागिरेले जागिर खाँदा चेक काट्ने कि तलब बुझ्ने ? २४ करोड रुपैयाँ बराबरको चेक काटेका छन् । आखिर चेक काट्न सेयरधनी वा लेखा हुनुपर्ने कि समाचार वाचकले काट्ने हो ? पुरै नाङ्गियो त !



**- प्रेमकान्त अधिकारी**

अवस्था यस्तो आयो कि बफादार, इमानदार, जिम्मेवार, निष्कलङ्क, निरपराध उम्मेदवार कहीँ कुनै निष्पक्ष निकायमा नियुक्त गर्न गर्नका भेट्टाउन मुस्किल छ । खोज्नुपर्छ विश्वविद्यालयका प्राध्यापकमध्ये कोही छ कि भनेर । राज्य भँडुवाहरूले यस्तो तहस-नहस बनाइदिए कि भविष्य नै अन्धाधुन्ध ।



**- इन्द्र अधिकारी**

हामीकहाँ संसदीय समितिको अवधारणा र अभ्यास दुवै वाहियात प्रमाणित भएको छ । यो रीत पुऱ्याउने खालको प्रक्रियामा सीमित त छँदै थियो, प्रस्तावित राजदूतहरूलाई हुर्मत लिने र खुइल्याउने थलोको रूपमा पनि प्रयोग भइरहेको छ, पछिल्लो चरणमा ।



**- विनोद न्यौपाने**

संविधान बनाउँदा ककस बनाएर कसले कसले भोजन गऱ्यौ ? डिल्ली बजार तिरको होटेल र कार्यालय कता गयो ? को-को थियौ ? संघीय संविधान हालेपछि कुखुरीले सुनको फुल पार्छ भनेर लेख कसले कसले लेख्यौ र छपायौ ? विदेश भ्रमण र भत्ता कति बटुल्यौ ? सम्झना छन् ?

# संविधान संशोधनको बहस

विचार



● हरिविनोद अधिकारी

संविधानसभाबाट संविधान बनाउने नेपालीको चाहना २०७२ सालमा पूरा भएको हो । यसक्रममा २००४ सालदेखि सुरु भएको एउटा प्रक्रियाले २०७२ सालमा मूर्तरूप प्राप्त गरेको हो । जनताका प्रतिनिधिबाट विधान बनाउने कुरा २००७ फागुन ७ गते नै जहानियाँ राणाशासनको अन्त्य र ऐतिहासिकरूपमा नेपालमा प्रजातन्त्रको घोषणा हुँदा नै तत्कालीन महाराज श्री ५ त्रिभुवनबाट भनिएको थियो । त्यसैको पूर्णतालाई पूरा गर्न नै होला, २०७० सालमा भएको दोस्रो संविधानसभाको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूले संविधान बनाउन सफल भएका हुन् ।

संविधान एउटा गतिशील दस्तावेज हो । जनताका लागि एउटा मार्गदर्शन हो । सूत्रवद्ध रूपमा तयार गरिएको मूल कानुन हो । यो कुनै अर्थमा अपरिवर्तनीय पनि हुन्छ त कुनै अवस्थामा परिवर्तनीय पनि हुनुपर्छ । समयको प्रवाहसँगै जनताका आवश्यकताहरू थपिन्छन् र कतिपय आवश्यकताहरूलाई समयको क्रममा स्वतः प्राप्त भइसकेको अवस्था पनि हुन्छ । संविधानले नीति परिवर्तन गर्न सक्छ तर नियतलाई सकारात्मक रूपमा परिवर्तन गर्न संविधानका धाराहरूले भन्दा संविधान कार्यान्वयन गर्ने पात्रहरूको अभ्यासमा र नियतमा भर पर्छ । नेपालमा अहिलेसम्म सात वटा संविधानहरू लागू गरिएका छन् ।

संविधान निर्माणका लागि दुई तरिका अपनाइएको हुन्छ । पहिलो जनताबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरूको सभा वा संविधान सभाबाट अनुमोदित संविधान र दोस्रो हो अधिकार प्राप्त व्यक्ति वा संस्थाबाट तोकिएका व्यक्ति या संस्थाबाट तयार पारिएको र राष्ट्र प्रमुख या संसदबाट अनुमोदन भएपछि लागू हुनेगरी घोषणा गरिएको संविधान । २०७२ भन्दा पहिलेका संविधानहरू वैधानिक शासकले घोषणा गरेर कार्यान्वयन गरिएको थियो भने २०७२ साल असोज ३ गते भने जनताका प्रतिनिधिहरूले तयार गरेको दस्तावेजलाई तत्कालीन राष्ट्रपति डा रामवरण यादवले संविधानसभामा घोषणा गरेका थिए । अहिले त्यही संविधानअनुसार हाम्रो शासन व्यवस्था चलेको छ ।

त्यसो त नेपालमा संविधानको विकासक्रम त्यति लामो छैन । पहिलो संविधानको रूपमा नेपाल सरकारको वैधानिक कानुन २००४ साल माघ १३ गते तत्कालीन श्री ३ महाराज तथा प्राइम मिनिस्टर पद्मशमशेर जङ्गबहादुर राणाले घोषणा गरेका थिए । जुन २००५ वैशाख १ गतेबाट लागू हुने थियो भने पछिल्लो नेपालको संविधान २०७२साल असोज ३ गते संविधान सभाबाट तयार भई तत्कालीन राष्ट्रपति डाक्टर रामवरण यादवबाट घोषणा भएको थियो । त्यसबीचमा नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ विभिन्न तरिकाले घोषणा भई लागू भएका थिए । नेपालको संविधान २०७२ मात्र संविधान सभाबाट तयार भई संसदभित्रै घोषणा गरिएको थियो ।

नेपालको संविधानका केही महत्वपूर्ण विशेषताहरूमा यो संविधान सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको नाममा जारी भएको छ । यसले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान, जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकार, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गरिएको आन्दोलन, सहिद तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गरेको छ । संविधानको भाग ३ ले नेपाली नागरिकका मौलिक हक र कर्तव्य व्यवस्था गरेको छ । यस संविधानमा ३१ ओटा मौलिक हकको व्यवस्था गरिएको छ । मौलिक हकलाई नागरिक हकको रूपमा लिइन्छ । मौलिक हकका लागि संविधानको धारा १६ देखि ४७ सम्मको व्यवस्था गरिएको छ ।

मौलिक हकसँगै कर्तव्यहरू पनि तोकिएका छन् । नेपालको संविधानले जसरी मौलिक हकहरूको घोषणा गरेको छ, त्यसैगरी प्रत्येक नागरिकहरूका लागि महत्पपूर्ण चार वटा कर्तव्य तोकेको छ । कुनै पनि नागरिकले अधिकार पाएपछि अधिकारको सदुपयोग गर्नका लागि केही अपरिहार्य कर्तव्यहरूको पालना गर्नु पनि जरुरी छ । राज्यले एउटा नागरिकलाई आफ्नो देशको संविधानअनुसार नागरिकताको प्रमाणपत्र दिनेगर्छ । राज्यले एउटा नागरिकलाई नागरिकताको प्रमाणपत्र दिनु पनि नागरिकको पहिचान हो, त्यसले व्यक्ति र राज्यका बीचको सम्बन्ध देखाउँछ र राज्य व्यक्तिहरूका बीचमा कसरी स्थापना हुन्छ भन्ने स्पष्ट पार्छ । नागरिकताको प्रमाणपत्र भनेको कुनै राज्यमा बस्ने व्यक्तिलाई वंशजका नाताले वा निश्चित अवधिदेखि बसोबास गरेका नाताले त्यस राज्यको नागरिक हो भनेर प्रमाणित गरी सरकारी कार्यालयद्वारा दिइने परिचय पत्र हो । वंशज नागरिकता र अङ्गीकृत नागरिकता वा बसोबास गरेका कारणले पाउने नागरिकताका बिचमा केही फरक अवश्य हुन्छ । जस्तो कि वंशजले पाउने विशेष अधिकार अङ्गीकृतले पाउँदैन ।

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गर्न नपाइने, तर संविधान गतिशील हुन्छ र जहिले पनि संशोधनीय हुन्छ पनि । जब संविधान अनुसारको राज्य पद्धति सञ्चालन गरिएको हुन्छ, राज्य र जनताका प्रत्येक कार्य नै संविधानले निर्देशित गरेका आधारमा चलेका हुन्छन् भन्ने मान्यताका आधारमा नै संविधानवादको कुरा आएको हो । नौ वर्ष भयो संविधानको घोषणा भएको र कार्यान्वयन भएको । यी नौ वर्षमा संविधान कार्यान्वयनका चरणहरू धेरै पार भएका पनि छन् र कतिपय चरणहरूको सुरुआत पनि हुन नसकेको अवस्था पनि छ । संविधानमा विभिन्न आयोगहरू छन् तर ती या त दोहोरिएका छन् या त ती आयोगहरूको सफल कार्यान्वयन त कता हो कता, अझै गठन समेत हुन सकेका छैनन् । समावेशी आयोग छ, मधेसी आयोग छ, थारु आयोग छ, मुस्लिम आयोग छ । यसो हेर्दा यी एकसँग अर्को जोडिएका छन् । समावेशी आयोगले नै सबै अरु आयोगको प्रतिनिधित्व गर्नेछ कि भन्ने पनि कुरा उठेकै छ ।

केन्द्रमा र प्रदेशमा सरकारहरू अस्थिर हुनाका कारणहरूलाई संविधानले नै स्थिरता दिनुपर्छ र प्रत्येक सरकारलाई स्वायत्तता दिनु जरुरी छ भनेर आवाज उठिरहेको प्रसङ्गमा पनि संविधान संशोधनको कुरा उठेका छन् । कतिपय निर्वाचनका बारेमा पनि केही प्रश्नहरू उठकै छन् । तिनको सम्बोधन गर्ने बेला भएको छ र संविधान दिवसमा नै यिनीहरूको समीक्षा हुनैपर्छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | विवाद हुने योग छ । लामो यात्रा हुने योग छ । |
| वृष | : | प्रियजनसँग भेट हुनेछ । घरेलू जिम्मेवारीमा वृद्धि हुनेछ । |
| मिथुन | : | धनमा वृद्धि हुने देखिन्छ । वाणीमा नियन्त्रण राख्नु होला । |
| कर्कट | : | पुरानो मुद्दा मामिला सकिनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| सिंह | : | सम्मानमा वृद्धि हुनेछ । बाहिरी सहयोगमा कमी आउनेछ । |
| कन्या | : | सामाजिक कार्यमा वृद्धि हुनेछ । पराकम्प बढ्नेछ । |
| तुला | : | नयाँ सम्पर्क बन्नेछ । राजनीतिक सम्बन्धमा मजबूती आउनेछ । |
| वृश्चिक | : | नयाँ साथी बन्ने योग छ । नयाँ काम मिल्ने सम्भावना छ । |
| धनु | : | जीवनसाथीको सहयोग प्राप्त हुन्छ । आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । |
| मकर | : | विरोधी सक्रिय रहनेछन् । तर, असफल हुनेछन् । |
| कुम्भ | : | व्यापारिक प्रगति राम्रो हुनेछ । राजनीतिक कार्य सफल हुनेछ । |
| मीन | : | उन्नतिको मार्ग प्रशस्त हुनेछ । शिक्षा सम्बन्धी कार्यमा रोकावट आउनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नयाँ राष्ट्रपति छान्न श्रीलंकामा मतदान सम्पन्न



**काठमाडौं/एजेन्सी-** श्रीलंकामा राष्ट्रपति निर्वाचनका लागि शनिबार भएको मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । स्थानीय समयअनुसार शनिबार बिहान ७ बजेदेखि शुरु भएको मतदान अपराह्न ४ बजे सम्पन्न भएको हो । मतदानका लागि १३ हजारभन्दा बढी मतदान केन्द्र तोकिएको थियो ।

स्थानीय सञ्चारमाध्यमका अनुसार मतदान प्रक्रियालाई सहज र सुरक्षित बनाउन देशभर व्यापक सुरक्षा व्यवस्था मिलाइएको थियो । यसका लागि करिब ६३ हजार प्रहरी अधिकारीलाई निर्वाचनको लागि तैनाथ गरिएको थियो ।

राष्ट्रपति चुनावमा एक करोड ७० लाखभन्दा बढी व्यक्ति मतदान गर्न योग्य रहेको र दिउँसो २ बजेसम्ममा ६० प्रतिशतभन्दा बढी मतदाताले आफ्नो मताधिकार प्रयोग गरेका छन् ।

यस वर्षको राष्ट्रपतीय निर्वाचनमा वर्तमान राष्ट्रपति रानिल विक्रमासिङ्घे, विपक्षी सामागी जना बलवेगाका साजिथ प्रेमदासा र नेसनल पिपुल्स पावरका अनुरा कुमारा दिसानायकेसहित कुल ३८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

कुनै पनि उम्मेदवारलाई चुनाव जित्नका लागि ५० प्रतिशतभन्दा बढी मत आवश्यक पर्छ । यदि कुनै पनि उम्मेदवारले त्यस्तो बहुमत प्राप्त गरेन भने दोस्रो चरणको मतगणना हुन्छ ।

दोस्रो चरणको मत गणनामा पहिलो चरणको मतदानमा शीर्ष मत पाएका दुई उम्मेदवारमध्ये मतदाताहरूको दोस्रो वा तेस्रो प्राथमिकता सूचीमा रहेका उम्मेदवारको मतगणना गरिन्छ ।

सन् २०१९ को नोभेम्बरमा राष्ट्रपतिको चुनाव जितेका गोटबाया राजपाक्षले सन् २०२२ को जुलाईमा देशमा गम्भीर आर्थिक संकटका बीच भएको आन्दोलनपछि पदबाट राजीनामा दिएका थिए ।

राजपाक्षेको राजीनामापछि संसदमा भएको निर्वाचनबाट विक्रमासिङ्घे राष्ट्रपति निर्वाचित भएका थिए ।

# दिल्लीको मुख्यमन्त्रीका रूपमा आप नेता अतिशीद्वारा शपथ ग्रहण



**काठमाडौं/एजेन्सी-** आम आदमी पार्टी (आप)की नेतृ आतिशी मार्लेना सिंहले शनिबार राज निवासमा आयोजित समारोहबीच दिल्लीको मुख्यमन्त्रीका रुपमा शपथ लिएकी छन् । आपका नेताहरू सौरभ भारद्वाज, गोपाल राय, कैलाश गहलोत, इमरान हुसेन र मुकेश अहलावतले पनि आतिशी नेतृत्वको दिल्ली सरकारमा मन्त्रीपरिषद्को सदस्यका रुपमा शपथ लिएका छन् ।

सुष्मा स्वराज र शीला दीक्षितको पाइला पछ्याउँदै ४३ वर्षीया आतिशी दिल्लीको तेस्रो महिला मुख्यमन्त्री बनेकी हुन् । आम आदमी पार्टीकी एक प्रमुख नेता आतिशीले पूर्वशिक्षामन्त्री मनिष सिसोदियाको सल्लाहकारको रूपमा रहँदा दिल्लीका सरकारी विद्यालयहरूमा शिक्षा सुधार गर्न महत्वपूर्ण भूमिका खेलेकी थिइन् ।

निवर्तमान मुख्यमन्त्री अरविन्द केजरीवालले पदबाट राजीनामा दिनुपरेकोमा दु:खी भएको तर आफूमाथि आप नेताले गरेको विश्वासबाट आफू खुसी भएको शपथपछि नेतृत्व परिवर्तनबारे बोल्दै आतिशीले बताएकी छन् ।

सञ्चारमाध्यमसँग कुरा गर्दै उनले आगामी विधानसभा चुनावपछि केजरीवाललाई मुख्यमन्त्रीको रूपमा फिर्ता ल्याउन आफूले कडा मिहिनेत गर्ने बताइन् । उनले भनिन्, 'सबैभन्दा पहिले म दिल्लीका लोकप्रिय मुख्यमन्त्री, आम आदमी पार्टीका राष्ट्रिय संयोजक र मेरा गुरु अरविन्द केजरीवाललाई धन्यवाद दिन चाहन्छु । उहाँले मलाई यति ठूलो जिम्मेवारी दिनुभयो र यसका लागि मलाई विश्वास गर्नुभयो ।'

नवनियुक्त मुख्यमन्त्री आतिशीले भनिन्, 'यो नेता केजरीवालको नेतृत्व र आम आदमी पार्टीमा मात्र गर्न सकिन्छ । पहिलो पटक राजनीतिज्ञ भएको व्यक्ति राज्यको मुख्यमन्त्री बन्छ । म सामान्य परिवारबाट आएको हुँ । यदि म अन्य कुनै पार्टीमा भएको भए सायद मलाई चुनावको टिकटसमेत दिइने थिएन ।'

आम आदमी पार्टी (आप) का विधायक मुकेश अहलावतले भने, 'अरविन्द केजरीवाल र बाबा साहेबका कारण मजस्ता व्यक्ति मन्त्री बनेका हुन् । हाम्रो प्राथमिकता दलित र पिछडिएका समुदायका लागि काम गर्ने हुनेछ। हामीले सम्भव भएसम्म दलित र पिछडिएका समुदायको हक र हितका लागि काम गर्नेछौं ।'

नेतृत्व परिवर्तन र दलको आगामी कार्यदिशाबारे आम आदमी पार्टीका नेता तथा दिल्लीका मन्त्री कैलाश गहलोतले भने, 'पार्टीको राष्ट्रिय संयोजकको रूपमा अरविन्द केजरीवालको मार्गदर्शन रहिरहनेछ। हाम्रो एक मात्र लक्ष्य दिल्लीका जनताका लागि पहिलेजस्तै काम गरिरहनु र अरविन्द केजरीवाललाई फिर्ता ल्याउनु हो ।'

आतिशीले हाल दिल्ली विधानसभामा कालकाजी निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्नेछिन् र दिल्ली सरकारका धेरै जिम्मेवारी हेरिसकेकी छन् । उनी सन् २०२३ मा दिल्ली सरकारको मन्त्रीपरिषद्मा सामेल भएकी थिइन् । उनले नै आगामी विधानसभा चुनावको तयारीका लागि आम आदमी पार्टी (आप) को नेतृत्व गर्नेछिन् ।

# 'लेबनान उपकरण विस्फोट अन्तर्राष्ट्रिय कानूनको उल्लंघन'




**काठमाडौं/एजेन्सी-** संयुक्त राष्ट्रसंघले शुक्रबार लेबनानमा हेजबुल्लाहले प्रयोग गर्ने सञ्चार उपकरणको विस्फोट युद्ध अपराध हुन सक्ने बताएको छ । इरान समर्थित हेजबुल्लाह समूहले प्रयोग गरेको सञ्चार उपकरणलाई लक्षित गरी मंगलबार र बुधबार भएको विस्फोटमा कम्तीमा ३७ जनाको मृत्यु भएको थियो भने करिब ३ हजार जना घाइते भएका थिए ।

'पेजर' र 'वाकी-टकी' विस्फोट हुँदा केही प्रयोगकर्ताहरू सुपरमार्केटमा किनमेल गरिरहेका थिए भने कोही सडकमा हिँडिरहेका थिए । लगातारको विस्फोटको लहरले देशमा आतंक निम्त्याएको थियो ।

'अन्तर्राष्ट्रिय मानवीय कानूनले स्पष्ट रूपमा बुबी-ट्र्याप उपकरणको प्रयोगलाई निषेध गर्दछ,' मानव अधिकारका लागि संयुक्त राष्ट्रसंघका उच्चायुक्त भोल्कर टर्कले अल्जेरियाले अनुरोध गरेको लेबनानमा आपतकालीन सत्रमा सुरक्षा परिषदमा भने ।

'नागरिकहरूमा आतंक फैलाउने उद्देश्यले हिंसा गर्नु युद्ध अपराध हो,' उनले स्वतन्त्र र पारदर्शी अनुसन्धानका लागि आफ्नो आह्वान दोहोऱ्याउँदै भने ।

लेबनानी अधिकारीले आक्रमणका लागि इजरायललाई दोष दिएका छन् र लक्षित सञ्चार उपकरणहरूमा देशमा प्रवेश गर्नु अघि बुबी-ट्र्याप जडान गरिएको बताएका छन् ।

हेजबुल्लाहले इजरायलसँग प्रतिशोध लिने वाचा गरेको छ र विस्फोटको आफ्नै आन्तरिक अनुसन्धान शुरु गरेको छ । सुरक्षा परिषदमा बोल्दै लेबनानका शीर्ष कूटनीतिज्ञ अब्दल्लाह बोउ हबीबले आक्रमणलाई युद्धको अभूतपूर्व तरिकाको रुपमा व्याख्या गरेका छन् ।

'इजरायलले यस आतंकवादी आक्रमणको माध्यमबाट अन्तर राष्ट्रिय मानवीय कानूनको आधारभूत सिद्धान्तको उल्लंघन गरेको छ,' उनले बताए । इजरायलले उपकरण विस्फोटबारे कुनै टिप्पणी गरेको छैन ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले शुक्रबार बेरुतमा इजरायली आक्रमणपछि लेबनान-इजरायल सीमामा बढेको तनावबारे राष्ट्रसंघ चिन्तित रहेको बताएका छन् । उनले सबै पक्षलाई अधिकतम संयमता अपनाउन आह्वान गरेका छन् ।

# पाकिस्तानको रावलपिण्डीमा डेंगुको प्रकोप



**काठमाडौं/एजेन्सी-** रावलपिण्डीमा डेंगुको संक्रमण बढ्दै गएको छ । विशेषगरी पोटोहार नगरको चक जलाल डिनलाई सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमध्ये एक रहेको अधिकारीहरूले जनाएका छन् ।

संक्रमणको डरलाग्दो वृद्धिपछि स्वास्थ्य अधिकारीले चक जलाल डिनमा एउटा मोबाइल स्वास्थ्य इकाई स्थापना गरी भाइरसको फैलावट नियन्त्रण गर्न आकस्मिक सेवा शुरू गरेका छन् । पछिल्लो २४ घण्टामा ४४ जनामा डेंगुको संक्रमण पुष्टि भएको छ भने यस क्षेत्रमा मात्र २२६ जनामा डेंगुको संक्रमण पुष्टि भएको एक्सप्रेस ट्रिब्युनले जनाएको छ ।

जिल्ला स्वास्थ्य प्राधिकरणले डेंगुविरुद्ध अभियान चलाए पनि डेंगु सार्ने लामखुट्टेको संक्रमण फैलिन नदिन गरिएका प्रयासहरू अपर्याप्त देखिन्छन् । जिल्लाभर डेंगुका संक्रमितको संख्या ५४३ पुगेको छ भने डेंगुसंक्रमितको संख्या ९६ पुगेको छ । पोटोहार शहरमा पछिल्लो २० घण्टामा २५ जना नयाँ संक्रमित थपिएका छन् ।

यस क्षेत्रमा अन्य स्वास्थ्य समस्याहरू पनि चिन्ताको विषय बनेका छन्। यो क्षेत्रमा वर्षा ऋतुमा कंगो ज्वरोका दुई र औलोका ६५१ घटनाहरू रेकर्ड गरिएको छ भने जिल्लामा अहिलेसम्म मंकीपक्सको कुनै रिपोर्ट नआएको एक्सप्रेस ट्रिब्यूनले अधिकारीहरूलाई उद्धृत गरी समाचारमा उल्लेख गरेको छ ।

जिल्ला स्वास्थ्य प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत आसिफ अरबाब नियाजीले सरकारले संक्रमण रोक्न पहल गरिरहेको तर नागरिक सतर्क रहन आवश्यक रहेको बताएका छन् । 'सर्वसाधारणले अक्टोबर १५ सम्म सावधानी अपनाउनु पर्छ,' उनले भने । संक्रमण फैलिन नदिनका लागि पानी जम्न नदिन, साँझपख झ्याल ढोका बन्द गर्न, लामो बाहुला भएको लुगा लगाउन र लामखुट्टेबाट टाढा रहनेजस्ता सावधानीलाई नियमित रूपमा अपनाउनुपर्नेमा उनले जोड दिए ।

# बेरुतमा भएको इजरायली आक्रमणमा शीर्ष हेजबुल्लाह कमान्डरको मृत्यु

**काठमाडौं/एजेन्सी-** लेबनानको बेरुत गढमा शुक्रबार भएको आक्रमणमा १४ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको जनाउँदै आक्रमणमा हेजबुल्लाहको एलिट युनिटका कमान्डरकोसमेत मृत्यु भएकोइजरायलले जनाएको छ ।

सन् १९८३ मा बेरुत स्थित अमेरिकी दूतावासमा भएको विस्फोटमा संलग्न भएको आरोपमा अमेरिकाले खोजिरहेका इब्राहिम अकीलले इरान समर्थित उग्रवादी समूहको नेतृत्व गरिरहेका थिए ।

हेज्बुल्लाहले शुक्रबार राति अकील इजरायली आक्रमणबाट मारिएको पुष्टि गर्दै एक महान नेता को रूपमा प्रशंसा गरेको छ । एएफपिटिभी फुटेजले उद्धारकर्मीहरू आक्रमणको केही समयपछि विभिन्न उपकरणको साथ खोजी कार्यमा तल्लिन रहेको देखाएको छ ।

गाजामा युद्ध शुरु भएदेखि हेज्बुल्लाहका वरिष्ठ कमाण्डरको हत्या भएको यो दोस्रो घटना हो । गत जुलाईमा भएको आक्रमणमा शीर्ष अपरेसन प्रमुख फुआद शुक्रको ज्यान गएको थियो ।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले यस घटना लगायत बढ्दो तनावका बारेमा चिन्ता व्यक्त गर्दै सम्बन्धित सबै पक्षलाई अधिकतम संयमता अपनाउन आह्वान गरेका छन् ।

इजरायली सेनाले अकीललाई लक्षित गरी आक्रमण गरेको जनाएको छ, जसमा अन्य दश जना वरिष्ठ कमान्डरहरुकोसमेत मृत्यु भएको छ । हेज्बुल्लाहको नजिकको एक स्रोतका अनुसार अकील घटनाको क्रममा कमान्डर हरूसँगको बैठकमा थिए ।

लेबनानको स्वास्थ्य मन्त्रालयले आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै अन्य ६६ जना घाइते भएको जनाउँदै मृतकको संख्या बढ्न सक्ने उल्लेख गरेको छ । दूतावासमा विस्फोटको नाइकेका रूपमा वर्णन गर्दै अमेरिकाले अकीलको बारेमा जानकारी दिनेलाई सात मिलियन डलर पुरस्कारको प्रस्ताव गरेको थियो ।

# बाइडेन र अल्बनिजबीच भेटवार्ता



**काठमाडौं/एजेन्सी-** अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार डेलावेयरको विल्मिङ्टनमा अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजसँग भेट गरेका छन् । भेटवार्ताका क्रममा दुबै पक्षले साझेदारीका लागि एकअर्कालाई धन्यवाद दिँदै द्विपक्षीय सम्बन्धबारे समीक्षा गरे ।

नेताहरूले अमेरिका-अष्ट्रेलिया गठबन्धन द्विपक्षीय सम्बन्धको मूल रहेको कुरामा जोड दिँदै यसका तीन स्तम्भहरू: रक्षा र सुरक्षा, आर्थिक र जलवायु र स्वच्छ ऊर्जा क्षेत्रमा भएको प्रगतीबारे छलफल गरे ।

दुबै नेताले दुई देशबीचको बलियो आर्थिक सम्बन्धलाई प्रतिबिम्बित गरे र जलवायु परिवर्तन र स्वच्छ ऊर्जा संक्रमणलगायत नयाँ चुनौतीको सामना गर्न गठबन्धनलाई आधुनिकीकरण गर्न विगत दुई वर्षमा भएको प्रगतिबारे छलफल गरे ।

उनीहरुले महत्वपूर्ण खनिज आपूर्ति श्रृंखला निर्माणका लागि सहयोग विस्तार गर्ने र जापानको हिरोशिमामा मे २०२३ मा हस्ताक्षर गरिएको कम्प्याक्ट अनुसार स्वच्छ ऊर्जामा संक्रमणलाई गति दिने प्रतिबद्धता पनि दोहोऱ्याएका छन् ।

दुई नेताहरूले ताइवान स्ट्रेटमा शान्ति र स्थिरता कायम गर्न आफ्नो समर्थन, रुसको क्रूर आक्रमण विरुद्ध युक्रेनको रक्षा गर्न निरन्तर सहयोग र गाजाका जनतालाई दिगो युद्धविराम र मानवीय सहायता बढाउनका लागि आफ्नो समर्थनबारे पनि छलफल गरेका छन् ।

साथै दुई देशका वरिष्ठ नेताहरूले स्वतन्त्र र खुला इन्डो-प्यासिफिकका लागि आफ्नो साझा दृष्टिकोणलाई अगाडी बढाउन द्विपक्षीय साझेदारीलाई गहिरो बनाउने प्रतिबद्धता व्यक्त गरे ।

यसैबीच, अल्बनिजले बाइडेनसँग तस्बिर सार्वजनिक गर्दै अष्ट्रेलिया र अमेरिका शान्ति, समृद्धि र स्थिरताका लागि एकसाथ उभिएको बताएका छन् ।

# जापानमा बाढीपहिरोका कारण एकको मृत्यु, सात बेपत्ता

**काठमाडौं/एजेन्सी-** जापानको भूकम्प प्रभावित क्षेत्र इशिकावामा भारी वर्षाका कारण आएको बाढी र पहिरोमा परी शनिबार एक जनाको मृत्यु हुनुका साथै कम्तिमा सात जना बेपत्ता भएको अधिकारीहरूले बताएका छन् । सरकारले विज्ञप्ति मार्फत घटनाको पुष्टि गरेको छ ।

बाढीका कारण वाजिमामा भूकम्प प्रभावित सडक मर्मत गरिरहेका अन्य चार जना पनि बेपत्ता भएको भुमि मन्त्रालयका अधिकारी कोजी यामामोटोले बताएका छन् । जापानको क्योडो समाचार एजेन्सीले वाजिमामा दश जना बेपत्ता भएको जनाएको छ ।

इशिकावा सरकारका अनुसार बाढीका कारण धेरै भवनहरू डुबानमा परेका छन् सडक अवरुद्ध छ भने करिब छ हजार घरहरू बिजुली विहीन भएका छन् । प्रभावित क्षेत्रका केही मानिसहरु सञ्चार सेवा विहिन भएको अपरेटरहरूले बताएका छन् ।

बाढी पहिरोको खतराको बीच वजिमामा र सुजुका साथै नोटो सहरका बासिन्दाहरूलाई घर छोडेर सुरक्षित स्थानमा जान आदेश दिएको अधिकारीहरूले बताएका छन् । इशिकावाको निगाता र यामागाता प्रान्तका बासिन्दाहरूलाई सुरक्षित स्थानमा जान आदेश दिएको विपद् व्यवस्थापन बिभागले जनाएको छ ।

जापान मौसम विज्ञान बिभाग (जेएमए)ले जीवन जोखिममा पार्ने सल्लाह दिँदै इशिकावाका लागि उच्च-स्तरको चेतावनी जारी गरेको छ ।

**युएईमा रोजगार**

कम्पनी: GREEN IMAGE LANDSCAPING & GENERAL CONTRACTING LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०६/०४ चलानी नं.: ६०२२५६७० LT. No.: 311090

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gardener | 11 | 0 | स. काममा दक्ष | 1100 | ३९,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १३ गते (29 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BIGYAN Govt Lic No. 1503/074/075
BIGYAN HR MANAGEMENT PVT. LTD.
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

**Hatuwagadhi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Ghodetar, Bhojpur**
**Koshi Province, Nepal**

**Invitation For E-Bid(NCB) for the following construction works as specified below**

**First Date of publication: 2081/06/06**

1. Hatuwagadhi Rural Municipality Office of the Rural Municipal Executive, Ghodetar, Bhojpur, invites Electornic Bids from eligible bidders for the procurement of the following works.
2. All other information and BID document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office during office time till the day before deadline date. All eligible bidders are requested to submit Bid/SQs as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Bid Document Fee | Total Cost(Without, Vat and Contigencies) | Bid Security | Last Submission Date |
|---|---|---|---|---|---|---|
| 1 | Ghodetar Jor Aahaldekhi Dimalung Paryatakiya paidalmarga | HRM/CW/ NCB/01/081-82 | NRs. 3,000.00 | NRs. 46,61,562.37 | NRs. 1,30,000.00 | 2081/07/06(12:00) |
| 2 | Ghodetar Lungin Kawa Khola Sadak Starunnati | HRM/CW/ NCB/02/081-82 | NRs. 3,000.00 | NRs. 24,05,584.64 | NRs. 70,000.00 | 2081/07/06(12:00) |
| 3 | Ghodetar Khanepani Aayojana | HRM/CW/ NCB/03/081-82 | NRs. 3,000.00 | NRs. 55,74,735.04 | NRs. 1,50,000.00 | 2081/07/06(12:00) |

**Information to deposit cost of bidding document**

Name of bank: Prabhu bank Ltd, Branch office Hatuwagadhi, Bhojpur.

Name of office: Hatuwagadhi Rural Municipality,Office of the Rural Municipal Executive,Ghodetar, Bhojpur.

Office account no.: **1560113798600010 HATUWAGADHI GA.PA. GA 1.1 ANTARIK RAJASWO KHAATA**

1. Electronic bids must be submitted to the office of **Hatuwagadhi Rural Municipality,Office of the Rural Municipal Executive,Ghodetar, Bhojpur** through PPMO website www.bolpatra.gov.np/egp 99
2. All other conditions of the bidding process will be as per the public procurement act 2063 and public procurement regulation 2064.

# बक्स अफिस समाचार

## नुवाकोट कलाकार समाज गठन, अध्यक्षमा राई

**नुवाकोट/मस–** नुवाकोट क्षेत्रका कलाकारहरूको एकता र कलाको प्रवर्द्धन गर्ने उद्देश्यले नुवाकोट कलाकार समाज गठन गरिएको छ। बालाजुस्थित भ्याली कोल्डस्टोर मण्डला क्याफेमा आयोजित विशेष बैठकले प्रचण्ड बाबु राईको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

बैठकले समाजलाई कलाकारहरूको सिर्जनशीलता, कला, संस्कृति र कलाकारी जीवनलाई संरक्षण गर्ने उद्देश्यले अगाडि बढाउने योजना बनाएको छ। समाजले कलाकारहरूको सामाजिक र आर्थिक सशक्तीकरणमा समेत ध्यान केन्द्रित गर्ने प्रतिबद्धता जनाएको छ।

नयाँ कार्यसमितिको उपाध्यक्षमा रामचन्द्र रिमाल, सचिवमा सुनिल थापा मगर, कोषाध्यक्षमा लक्ष्मी स्याङ्ताङ तथा सदस्यहरुमा प्रविन डंगोल, साहस शाक्य, सुजित श्रेष्ठ, ध्रुव तमाङ, पवित्र गुरुङ, शैलेन्द्र शाही, सन्तोषी कार्की, सन्दिप सिंह थिङ र प्रेम राई चयन सभएका छन्।

यस्तै कानूनी सल्लाहकारमा गोकर्ण पुडासैनी चयन भएका छन् भने




सल्लाहकारहरूमा दामोदर खतिवडा, उसनमान श्रेष्ठ र पुरुषोत्तम डंगोल चयन भएका छन्।

समाजका नवनिर्वाचित अध्यक्ष राईले कलाकारहरूको हकहितमा समाजले निरन्तर काम गर्दै कलाकारहरूको पहिचान र कलाको जगेर्ना गर्ने बताए। उनले कलाकारहरूको रचना उजागर गर्न र समाजमा सांस्कृतिक चेतना फैलाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने योजना पनि प्रस्तुत गरे।

सल्लाहकारहरूको रायअनुसार समाजले कलाकारिता क्षेत्रमा देखिएका चुनौतीहरू समाधान गर्न कानूनी तथा संस्थागतरूपमा पहल गर्ने उनले बताए।

## बद्री पंगेनीको सहकार्यमा कस्तुपले ल्याए 'मगमग बासना'

**काठमाडौं/मस–** गायक बद्री पंगेनी र गायिका रचना रिमालको स्वर रहेको नयाँ लोकदोहोरी गीत 'मगमग बासना' सार्वजनिक गरिएको छ।

लोकप्रिय सर्जक, संगीतकार तथा गायक कस्तुप पन्तको शब्द तथा संगीत रहेको रोमान्टिक शैलीको गीतमान शब्द निकै मिठासपूर्ण छन्। गायक बद्री र रचनाको स्वरमा गीत कर्णप्रिय बानेको छ। गीतमा माया प्रेमबाटै अन्तयात्रा हुनसक्ने चर्चा गरिएको छ।

लोक तथा आधुनिक गीतसंगीतमा एउटा अलग्गै उचाई बनाउन सफल सर्जक पन्तको यो गीतले पछिल्लो समय लोकगीतसंगीतमा देखिएको मौलिक खडेरी टारेको छ। गीतको एरेन्ज एचबिएन



किस्मतले गरेका हुन्।

गीतको भिडियो पनि उत्कृष्ट बनेको छ। भिडियोमा अभिनेता पल शाह र टिकटक क्वीन जुना विश्वकर्माको अभिनय छ।

प्रशान्त मगरको कोरियोग्राफी तथा निर्देशन रहेको भिडियोमा दिनेश पराजुलीको छायांकन र दीपक बिष्टको सम्पादन छ। गीत सर्जक कस्तुपकै अफिसियल युट्युब च्यानल कस्तुप पन्त युट्युबबाट सार्वजनिक गरिएको छ।

गीत सबै बर्गमा मानिसको रुचिमा ध्यानमा राखेर निर्माण गरिएको सर्जक पन्तले बताए। उनले गीतसंगीत श्रोता तथा दर्शकले रुचाउने विस्वास गरेका छन्। सार्वजनिक भए देखिनै गीतले युट्युबमा सकारात्मक प्रतिक्रिया पाइरहेको छ।

कस्तुप पन्तको शब्द संगीतमा रहेको गीत 'मगमग बासना' मेरो आफ्नो शैलीको निरन्तरता भएको गायक बद्री पंगेनीले बताए। 'दर्शकले यो सुनेर प्रतिक्रिया दिनुहुनेछ भन्ने विश्वास छ', पंगेनीले भने, 'यो गीत प्रति पनि श्रोतादर्शकको आशिर्वाद मिल्छ भन्ने विश्वास छ।'

## नाइजेरियामा छायाँकन गरिएको 'सान्नानी २ स्याना' गीत सार्वजनिक




**दोहा, कतार/मस–** करिब ५० लाख नेपालीहरू विभिन्न पेसा तथा रोजगारीका लागी नेपाल बाहिर रहेको सरकारी तथ्यांक छ। प्रवासमा रहेका नेपालीहरूले नेपाललाई अन्तर ाष्ट्रिय स्तरमा विभिन्न माध्यमबाट चिनाइरहेका छन्, तर चर्चित टिकटक एपबाट अफ्रिकन मुलुक नाइजेरियमा रहेका विष्णु गिरीले नेपाली गीतसंगतीमार्फत देशलाई चिनाइरहको विषय लुकेको छैन।

बागलुङको बडीगाउँ गाउँपालिका-२ मा जन्मेका गिरी विगत १४ वर्षदेखि नाइजेरियामा रहेर आफ्नो रोजगारीसहित नेपाली गीतसंगीतलाई प्रवर्द्धन गरिरहेका छन्। एक साल पहिले अफ्रिकामा नै छायाँकन गरिएको सान्नानी गीतमा अभिनय र निर्देशन गर्दै नेपाली सांगीतिक जगतमा प्रवेश गरेका उनले यो वर्ष उक्त गीतको सिक्वेलका रूपमा 'सान्नानी २ स्याना' लिएर बजारमा आएका छन्। नाइजेरियमा नै नाइजेरियन महिला तथा पुरुषलाई लिएर शिव गिरीको निर्देशनमा तयार पारिएको म्युजिक भिडियो शुक्रबार विष्णु गिरी अफ्रिका च्यानलमार्फत बजारमा आएको छ। माया प्रेम, पैसा र धोकाको कथा बोल्ने भिडियोमा गिरीलाई नाइजेरियन महिला आन्थोनी फाभोरले साथ दिएकी छन्। हरि गिरी विमर्शीको शब्द संगीतमा तयार भएको गीतमा वन्दना पाण्डे र हरिकै आवाज सुन्न सकिन्छ। याम थापा मगरले सगीत संयोजन गरेका छन् भने भिडियोलाई नाइजेरियन नागरिक टोपर्जले खिचेका हुन्।

विष्णु र अलोजी मलाचीले कोरियोग्राफी गरेको भिडियोको सम्पादन मनोज कार्कीले गरेका छन्। सार्वजनिक भएको २४ घण्टामा करिब पौने दुई लाख दर्शकले हेरेको गीतको भिडियोमा नेपाली र नाइजेरियन गरी एक दर्जनभन्दा बढी कलाकारले नृत्य गरेका छन्।

## प्रकाश राज नेपालमा



**काठमाडौं/मस–** साउथ इण्डियन फिल्म 'ज्याक' छायाँकनका लागि चर्चित भारतीय अभिनेता प्रकाश राज शनिबार काठमाडौं आइपुगेका छन्। भिस्तारा एयरलाइन्सको विमानबाट उनी दिल्ली हुँदै अपराह्न त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण गरे।

प्रकाशलाई फिल्मको नेपाल व्यवस्थापक सुरज आचार्य र निर्माण व्यवस्थापक तथा चलचित्र प्राविधिक संघका अध्यक्ष अध्यक्ष पुष्कर लामा (प्रेम)ले खादा लगाएर विमानस्थलमा स्वागत गरेका थिए।

५ दिनदेखि फिल्मको भक्तपुर दरवार स्क्वायर लगायतका क्षेत्रमा छायांकन भैरहेको छ। प्रकाश आइतबार छायांकनमा जोडिनेछन्। उनी १० दिन नेपालमा रहने जनाइएको छ। बोम्मारिलु भास्करको निर्देशनमा बनिरहेको फिल्ममा केही नेपाली कलाकारहरूले पनि अभिनय गरेका छन्। अभिनेता सिद्धू जोन्नालगड्डाको मुख्य भूमिका रहेको फिल्ममा वैष्णवी चैतन्य अभिनेत्रीको रुपमा छिन्।

यो फिल्मको नेपाल व्यवस्थापन सुरज आचार्य, अरुण रेग्मी र सुरेश अधिकारीको कम्पनी थ्री ह्विलर्सले हेरिरहेको छ। फिल्मको निर्माण व्यवस्थापक चलचित्र प्राविधिक संघका अध्यक्ष रहेका पुष्कर लामा (प्रेम भोम्जन) हुन्। हस्पिटालिटीको व्यवस्थापन माउण्टेन बौद्ध होलिडेजका प्रकाश सापकोटाले हेरेका छन्। नेपालअघि यो फिल्मको सुटिङ भारतको हैदराबादमा गरिएको थियो।


### साउदीमा रोजगार

कम्पनी : HAKAKA COMPANY FOR PROVIDING MEALS — शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०८१/०६/०४ — चलानी नं.: ६०२२५६६१ — LT. No.: 311078

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food & Beverage Jonior Waiter | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १३ गते (29 September 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्े जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

बेबी एन्जल इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353 | 9801029271
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np



### बहराइनमा रोजगारको अवसर

कम्पनी : MIRZA AL HELLI AND SONS B.S.C. (C) — शहर: Bahrain

पूर्व स्वीकृत मिति: २०८१/०६/०४ — चलानी नं.: ६०२२५६४८ — L.T. No.: 311155

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (General) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३५,४०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker | 50 | 0 | | 100 | ३५,४०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १३ गते (29 September 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्े जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Easy Overseas
EASY OVERSEAS PVT. LTD.
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539



### साउदीमा रोजगारको अवसर

१. कम्पनी : DAAM HASEEF CONTRACTING COMPAY — शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८१/०६/०४ — चलानी नं.: ६०२२५६६८ — LT. No.: 311151

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel House Keeper | 3 | 0 | स. काममा दक्ष | 1200 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Musaed Abdul Latif Al-Ghamlas Contracting Est. — शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८१/०६/०४ — चलानी नं.: ६०२२५६६७ — LT. No.: 311152

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 6 | 0 | स. काममा दक्ष | 1200 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : Musaed Abdul Latif Al-Ghamlas Contracting Est. — शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८१/०६/०४ — चलानी नं.: ६०२२५६६६ — LT. No.: 311153

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 8 | 0 | स. काममा दक्ष | 1200 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज १३ गते (29 September 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्े जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
